## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## गुलरिया नगरपालिका

### बर्दिया




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## गुलरिया नगरपालिका
### बर्दिया




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

### प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

पत्र संख्याः २०७९।८०

च.नं. १४९

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
गुलरिया नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय, वर्दिया

**कैफियत सहितको राय**

हामीले गुलरिया नगरपालीकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ४ करोड ४७ लाख ४५ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.७ लाख ३१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ६७ लाख ३४ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ७२ लाख ८० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.२७ करोड ४२ लाख ४७ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.३१ करोड ८९ लाख ९२ हजार रहेको छ । नगरपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/नगर कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्री श्रीकुमार राई )
नायब महालेखापरीक्षक

गुलरिया नगरपालिका, बर्दिया

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

<table>
<tr><th colspan="3">प्रारम्भिक बेरुजु</th><th colspan="3">प्रतिक्रियाबाट फछ्यौंट</th><th colspan="3">बाँकी बेरुजु</th><th colspan="7">बेरुजु</th></tr>
<tr><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th colspan="2">दफा संख्या</th><th rowspan="2">रकम</th><th rowspan="2">असुल गर्नुपर्ने</th><th colspan="5">नियमित गर्नुपर्ने</th><th>पेस्की</th></tr>
<tr><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>सैद्धान्तिक</th><th>लगती</th><th>अनियमित भएको</th><th>प्रमाण कागजात पेश नभएको</th><th>राजस्व लगत जिम्मेवारी नसारेको</th><th>सोधभर्ना नलिएको</th><th>जम्मा</th><th></th></tr>
<tr><td>६५</td><td>६९</td><td>४४७४५</td><td>०</td><td>०</td><td>०</td><td>६५</td><td>६९</td><td>४४७४५</td><td>७३१</td><td>२७२८०</td><td>१६७३४</td><td>०</td><td>०</td><td>४४०१४</td><td>०</td></tr>
</table>

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | | प्रतिक्रिया प्राप्त नभएको | |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गुलरिया नगरपालिका बर्दिया | २७४२४७ | ० | ० | २७४२४७ | ० | ४४७४५ | ३१८९९२ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : गुलरिया नगरपालिका, बर्दिया , गुलरिया नगरपालिका , बर्दिया

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रकाश देवकोटा | २०७८-४-१ | २०७९-३-३२ |
| लेखा प्रमुख | रुप सिङ खत्री | २०७८-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४४,७४५,३५५ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ९,०४,५६,१२६ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५७,२५,२८,००० | **चालु खर्च** | ४८,९८,५२,०१९ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,७३,६८,००० | **पूँजीगत खर्च** | २५,९०,१६,७३५ |
| **राजश्व बाँडफाँट** | १६,९६,९०,८५७ | **वित्तीय/अन्य व्यवस्था** | ३३,१३,६९,३३६ |
| **आन्तरिक आय** | ३,२२,९१,१२६ | | |
| **अन्य आय** | २८,४९,४३,४३७ | | |
| **कुल आय** | १,१०,६८,२१,४२० | **कुल खर्च** | १,०८,०२,३८,०९० |
| **बाँकी मौज्दात** | | ११,७०,३९,४५६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय :**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । नगरपालिकाको स्थापना २०५३ सालमा भएकोमा तत्कालिन गुलरिया, मथुराहदरबार, मोहम्मदपुर र खैरापुर गा.बि.स. लाई मिलाएर २०७३ सालमा कार्यक्षेत्र वृद्धि भएको हो । यस नगरपालिका अन्तर्गत १२ वडा, ६६ सभा सदस्य, ११८.२१ वर्ग किलोमिटर क्षेत्रफल तथा ६६ हजार ६७९ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण :**<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमानदण्ड समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ। सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०७९।८।...... मा छलफल सम्पन्न भएको छ । छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन्। | |
| ३ | | | **स्थानीय संचित कोष :**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता लगायतको आर्थिक वर्ष २०७८।७९ को आयव्यय (शुत्र-२७२ र CGAS समायोजन) हिसाबको समग्र अवस्था निम्न बमोजिम रहेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| क्र सं | आय तर्फ | | | क्र सं | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | जम्मा रकम | | विवरण | रकम | जम्मा रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ९०,४५६,१२७।३५ | १ | चालु खर्च | | ४८९,८५२,०१९।६८ |
| | क) नगद | | | २ | पूंजिगत खर्च | | २५९,०१६,७३४।६१ |
| | ख) बैंक | ९०,४५६,१२७।३५ | | | | | |
| 2 | राजश्व | | २०१,९८१,९८३।११ | ३ | धरौटी फिर्ता | | ८,८३४,१११।८८ |
| | क) आन्तरिक राजश्व | ३२,२९१,१२६।३० | | ४ | विविध खर्च खाता खर्च | | ५,५००,०००।०० |
| | अ) कार्यालय आन्तरिक | ३२,२९१,१२६।३० | | ५ | कोष खर्च | | ३४,९६८,१७२।०० |
| | आ) जि स स बर्दिया | - | | | अ) विविध कोष | ३,१८७,४२५।०० | |
| | इ) अन्य | | | | आ) प्रकोप व्यवस्थापन कोष | ३१,७८०,७४७।०० | |
| | ख) राजश्व वाडफाट | १६९,६९०,८५६।८१ | | | | | |
| | अ) संघीय सरकार | १२७,३१६,३०२।०६ | | ६ | मौज्दात | | ११७,०३९,४५६।०१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आ) प्रदेश सरकार | १४,५८०,५१२।९५ | | | क) नगद मौज्दात | | |
| | इ) मालपोतबाट | २७,७९४,०४१।८० | | | ख) बैंक मौज्दात | १७९,८५०,०८१।१७ | |
| 3 | वित्तीय हस्तान्तरण (संघीय सरकार) | | ५७२,५२८,०००।०० | | अ) सञ्चित कोष | ५२,८९९,५६६।४२ | |
| | क) समानीकरण अनुदान | १८४,८००,०००।०० | | | आ) चालु खर्च खाता | ४५,१५९,७८८।४९ | |
| | ख) शशर्त अनुदान | ३६६,९२८,०००।०० | | | इ) पुँजिगत खर्च खाता | ७२,९४१,९१४।३९ | |
| | ग) समपुरक अनुदान | २०,८००,०००।०० | | | ई) विविध खर्च खाता | ५,५००,०००।०० | |
| | घ) विशेष अनुदान | - | | | उ) आन्तरिक राजश्व खाता | ३,३४८,८११।८७ | |
| 4 | वित्तिय हस्तान्तरण (प्रदेश सरकार) | | ४७,३६८,०००।०० | | | | |
| | क) समानीकरण अनुदान | ८,८२४,०००।०० | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख) शशर्त अनुदान | ११,५४४,०००।०० | | | | | |
| | ग) समपुरक अनुदान | २०,०००,०००।०० | | | ग) साट्न बाँकी चेक रकम | १६,३८४,७२५।०० | |
| | घ) विशेष अनुदान | ७,०००,०००।०० | | | अ) चालु खर्च खाता | ३,८५८,८४६।०० | |
| 5 | अन्य आम्दानी | | १५,४४८,९०२।५० | | आ) पुँजिगत खर्च खाता | १२,५२५,८७९।०० | |
| | क) सडक वोर्ड नेपाल | ५,५००,०००।०० | | | घ) कोलेनिका फिर्ता | ४६,४२५,९००।१६ | ४६,४२५,९००।१६ |
| | ख) अन्य आइटी र औधोगिक ग्राम | ९,९४८,९०२।५० | | | अ) संघीय सरकारर तर्फ फिर्ता | ३६,४५७,०९५।१६ | |
| 6 | विभिन्न कोष तर्फको आय | | ६४,३३२,७६९।४६ | | आ) प्रदेश सरकारर तर्फ फिर्ता | ९,९६८,८०५।०० | |
| | क) गत वर्षको जिम्मेवारी | ५६,३९१,९०६।४६ | | | | | |
| | अ) विविध कोष | २०,७९२,६३५।४९ | | ७ | धरौटी मौज्दात | | १०,७३७,८९८।७८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आ) प्रकोप व्यवस्थापन कोष | ३५,५९९,२७०।९७ | | | | | |
| | ख) यस वर्षको प्राप्ती | ७,९४०,८६३।०० | | ८ | कोष मौज्दात | | २९,३६४,५९७।४६ |
| | अ) विविध कोष | ३,५००,०००।०० | | | अ) विविध कोष | २१,१०५,२१०।४९ | |
| | आ) प्रकोप व्यवस्थापन कोष | ४,४४०,८६३।०० | | | आ) प्रकोप व्यवस्थापन कोष | ८,२५९,३८६।९७ | |
| 7 | जनसहभागिता (नगद) | | | | | | |
| 8 | को ले नि काबाट प्राप्त रकम | | १८५,५८९,७५३।५३ | | अन्य मौज्दात | | |
| | क) सामाजिक सुरक्षा | १८५,१२५,७५३।५३ | | | क) विविध खर्च खाता | | ९,९४८,९०२।५० |
| | ख) गरिबसँग विश्वेश्वर कार्यक्रम | ४६४,०००।०० | | | | | |
| | | | | ९ | कोलेनिका मार्फत खर्च रकम | | १८५,५८९,७५३।५३ |
| | | | | | क) सामाजिक सुरक्षा | १८५,१२५,७५३ ।५३ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>ख) गरिबसँग विश्वेश्वर कार्यक्रम</td><td>४६४,०००।००</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td>-</td><td></td></tr>
<tr><td>७</td><td>धरौटी आय</td><td></td><td>१९,५७२,०१०।६६</td><td></td><td></td><td>-</td><td></td></tr>
<tr><td></td><td>क) गत वर्षको जिम्मेवारी</td><td>१४,०२२,१०९।६६</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>ख) यस वर्षको प्राप्ती</td><td>५,५४९,९०१।००</td><td></td><td></td><td></td><td>-</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१,१९७,२७७,५४६।६१</td><td></td><td>जम्मा</td><td></td><td>१,१९७,२७७,५४६।६१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुली :<br><br>लेखापरीक्षणको क्रममा रु. ८२७००३।- असुली भई सञ्चित कोष दाखिला भएको छ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>वितीय विवरण :<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ६९ मा तोकिएअनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>· पालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सो विवरण प्राप्त भएता पनि सम्पुर्ण आर्थिक कारोवारको यथार्थ एवं विस्तृत विवरण नखुलाइ पेश हुन आएको छ। पालिकाको सम्पुर्ण आर्थिक कारोबार SuTRA मा अभिलेख नभएकाले उक्त विवरणले यथार्थ चित्रण गरेको छैन। अन्तरसरकारी अख्तियरीतर्फको रकम SuTRA सफ्टवयेरमा समावेश नभएकोले वित्तीय विवरणले यथार्थ चित्रण गरेको छ भन्न सकिएन।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ६ | | | **वित्तीय विवरणको यथार्थता :**<br><br>पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)* तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १८५१२५७७५३।- र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४६४०००।- समेत गरी रु १८५५८९७५३।- सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ । | |
| ७ | | | **आन्तरिक नियन्त्रण प्रणाली :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न वित्तीय प्रतिवेदनलाई विश्वसनीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु निम्न बमोजिम रहेका छन्- | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>· पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ७६ को उपनियम १ अनुसार अनुसुची 1१ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।<br>· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।<br>· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।<br>· सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>· सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा सो भएको पाईएन।<br>· वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन।<br>· पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।<br>· निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिएबमोजिम प्रभावकारी, मितव्ययी, कार्यदक्षता जोखिमरहित ढंगबाट सम्पादन गर्न विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ८ | | | **कारोबारको लेखा :**<br><br>प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ दफा २३ (४) अनुसार राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तीय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५६ अनुसार विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा नगदमा आधारित दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तबमोजिम महालेखा परीक्षकको कार्यालयबाट तोकिएको ढाँचामा लेखा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाको वडा कार्यालयबाट प्राप्त हुने राजस्वको अभिलेख तोकिएको ढाँचामा नराखेको, प्राप्त राजस्व एकमुष्ठ जम्मा गर्ने गरेको देखिन्छ । राजश्व समयमै बैंक दाखिला नगर्ने, तोकिएको ढाँचामा अभिलेख नराख्ने गर्दा राजश्व रकमको हिनामिना हुनसक्ने भएकोले यसतर्फ पालिकाले ध्यान दिनुपर्दछ। | |
| ९ | | | **बजेट पेश, पारित र अख्तियारी :** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०७८।३।१० मा रु.१ अर्ब ६४ लाख ५३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७८।३।३० मा पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७८।४।३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| १० | | | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ। | |
| ११ | | | **चौमासिक पूँजीगत खर्च :**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा मात्र बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। | |

| सि.नं. | | | चौमासिक खर्च (रु.हजारमा) | |
|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th></th><th>पूँजीगत खर्च शीर्षक</th><th>कुल खर्च (रु. हजारमा)</th><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेसो चौमासिक</th><th>आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><td>१</td><td>विभिन्न</td><td>२५९०१६</td><td>८३९६</td><td>८६९७५</td><td>१६३६४४</td><td>२१७६३५</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td>१००</td><td>३.२४</td><td>३३.५८</td><td>६३.१८</td><td>८४.०२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्च :<br><br>
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br><br>
<table>
<tr><th>सि नं</th><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>३,०९,६८,०००.००</td><td>२,३२,५७,४४८.००</td><td>३.१</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>३०,८०,७०,०००.००</td><td>२२,५८,१४,९५५.००</td><td>३०.१४</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>४१,३२,०१,०००.००</td><td>३७,८६,१८,८१९.८४</td><td>५०.५४</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>३,०३,१६,७३६.००</td><td>१,९४,३१,८२३.००</td><td>२.५९</td></tr>
<tr><td>५</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>११,१४,२६,०००.००</td><td>१०,२०,०८,५३६.४२</td><td>१३.६२</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८९,३९,८१,७३६.००</td><td>७४,९१,३१,५८२.२६</td><td>100</td></tr>
</table>
उल्लेखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ३.१० प्रतिशत, पूर्वाधार विकासतर्फ ३०.१४ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ५०.५४ प्रतिशत, संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ २.५९ प्रतिशत र अन्य कार्यालय संचालन तथा प्रशासनिक तर्फ १३.६२ प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ ३.१० प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिवी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन एवं खर्च गर्नुपर्दछ। साथै, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा विनियोजन रकम एवं खर्च अभिबृद्धि गर्नुपर्दछ।
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>खर्च बिश्लेषण :<br><br>पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. ३२२९११२६.३० र राजश्व बाँडफाँड १६९६९०८५६.८१, अनुदान ६१९८९६०००, अन्य आम्दानी १५४४८९०२.५० र अन्तरसरकारी वजेटबाट रु.२६९४९४५३३.६५ समेत रु.११०६८२१४१९.२६ आम्दानी भएकोमा चालुतर्फ रु. ४८९८५२०१९.६८ र पुँजीगततर्फ रु. २५९०१६७३४.६१ र वितीय व्यवस्थातर्फ शून्यसमेत रु. ७४८८६८७५४.२९ खर्च भएको छ। खर्चमध्ये आन्तरिक आयको हिस्सा ४.३१ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा १३२४६००० खर्च भएको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजश्व बाँडफाँडको रकमबाट ६५.४१ प्रतिशत चालु र ३४.५८ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजश्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माण प्रयोजनमा खर्च गरिनुपर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **योजना र कार्यान्वयनः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरकाको विकासका लागि आबधिक, बार्षिक, रणनीति बिषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन बिकास योजना बनाई लागू गर्नुपर्ने र योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुको साथै मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठूला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठूलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठूला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या | बजेट रकम |
|---|---|---|---|
| १ | रु एक लाख सम्मको योजना | १८८ | १५५७५ |
| २ | रु एक लाख एक देखि दुई लाख सम्मका योजना | १०५ | १७७६५ |
| ३ | रु दुई लाख एक देखि पाँच लाख सम्मका योजना | १६३ | ६३४९५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>रू पाँच लाख एक देखि दश लाख सम्मका योजना</td><td>३१</td><td>२५०००</td></tr>
<tr><td>५</td><td>रू दश लाख एक भन्दा माथिका योजना</td><td>३७</td><td>८५०७७</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५२४</td><td>२०६९१२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>
शसर्त अनुदान फिर्ता :<br><br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूची २१ फिर्ता गर्न बाँकी अनुदान रु.४६४२५९००.१६ मिति २०७९।४।६ मा फिर्ता गरेको छ।<br><br>
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>फिर्ता रकम</th></tr>
<tr><td>संघीय सरकार</td><td>सशर्त अनुदान</td><td>366,928,000.00</td><td>330,669,531.84</td><td>36,258,468.16</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (nested table below) | |
| १६ | | | **आर्थिक सहायता :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। यस पालिकाले विभिन्न प्रयोजनको लागि यो वर्ष १८० व्यक्तिलाई रू. १२९६००० आर्थिक सहायता वितरण गरेको पाइयो। पालिकाबाट यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ। | |

| | | | | |
|---|---|---|---|---|
| | समपुरक अनुदान | 20,800,000.00 | 20,601,373.00 | 198,627.00 |
| | जम्मा अनुदान | 387,728,000.00 | 351,270,904.84 | 36,457,095.16 |
| प्रदेश सरकार | सशर्त अनुदान | 11,544,000.00 | 9,416,933.00 | 2,127,067.00 |
| | विशेष अनुदान | 7,000,000.00 | 5,335,629.00 | 1,664,371.00 |
| | समपुरक अनुदान | 20,000,000.00 | 13,822,633.00 | 6,177,367.00 |
| | जम्मा अनुदान | 38,544,000.00 | 28,575,195.00 | 9,968,805.00 |
| | कुल जम्मा | 426,272,000.00 | 379,846,099.84 | 46,425,900.16 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **खाना तथा विविध खर्च :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.२४,९७,००० खर्च गरेको छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| १८ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** :<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १०१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित ७० जना पदपूर्ती भई ३१ जना रिक्त रहेको देखिन्छ। रिक्त रहेको दरवन्दी यथाशिघ्र पदपूर्ति गरी काममा सहजता ल्याउनु पर्दछ। | |
| १९ | | | **कल्याण कोष :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानुनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । कोषको व्यवस्थाअनुरुप स्थानीय तहले कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाअन्तर्गत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पदबाट अलग हुँदा दिनुपर्ने अवकास सुविधा रकम कल्याण कोष स्थापना गरी रू. ५००००० कोषमा जम्मा गरेको छ। सो को लागि कार्यविधि तयार गरिनु पर्दछ। | |
| २० | | | **गुणस्तर परीक्षण :** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजानिक खरिद नियमावली २०६४ को नियम ११५(१) अनुसार सावर्जानिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परिक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परिक्षण प्रभावकारी रुपमा गर्नुपर्ने देखिन्छ। | |
| २१ | | | **न्यायिक समिति र न्याय सम्पादन :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १ रहेकोमा यो बर्ष १३ विवाद दर्ता भएकोमा ११ वटा फस्र्यौट भई बाँकी ३ रहेकोमा न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ। | |
| २२ | | | **लेखापरीक्षण प्रतिवेदन उपर छलफलः**<br><br>लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने व्यवस्था छ। जस अनुसार स्थानीय तहले सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ। पालिकामा लेखा समितिसमेत गठन भएको पाइएन। पालिकाले यो वर्ष अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल गरेको देखिएन। लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन। कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थापकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ। | |
| २३ | | | **कानून र संचालन स्थिति :** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम. निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएको छ। यस वर्षसम्म ३० वटा सभा तथा कार्यपालिकाबाट कानून बनाई कार्यान्वयनमा ल्याएको छ । पालिकाले सभा तथा कार्यपालिकावाट कानुनहरु बनाई पारित गरी कानुनहरुको कार्यान्वयन प्रभावकारी रुपमा गरेको देखिएन। पालिकाले निर्माण गरेका कानुनहरुको प्रभाबकारी कार्यन्वयन गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>सेवा प्रवाह :<br><br>पालिकाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु पालिकावासीलाई प्रदान गर्दछ। आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म, मृत्यु, विवाह दर्ता, बसाईसराई, विद्युत मिटर सिफारिस, निःशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी अभिलेखिकरण गरिनु पर्दछ। पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ।<br><br>
<table>
<tr><td>विवरण</td><td>जम्मा</td></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>४९</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>३१३४</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>४१३</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>५५२</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>विवाह दर्ता</td><td>१०६२</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>१८</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>२.३ कि.मि</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>१२ कि.मि</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>६ कि.मि</td></tr>
</table>
स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाह मध्ये पन्जिकरण बाहेकका अन्य सेवा संचालनमा सन्तोषजनक प्रगति देखिएन।
</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>
स्थानीय तहका पदाधिकारी सुविधा :

नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट यस बर्ष पदाधकारीको सुबिधामा कुल रु. १३२४६००० खर्च लेखेको देखिन्छ ।
<table>
<tr><th>क्र सं</th><th>विवरण</th><th>प्रमुख १</th><th>उप प्रमुख १</th><th>वडा अध्यक्ष १२</th><th>कार्यपालिका सदस्य ८</th><th>सभाका सदस्य ४१</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>बैठक भत्ता</td><td>0</td><td>0</td><td>0</td><td>0</td><td>0</td><td>0</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>यातायात खर्च</td><td>0</td><td>१४४०००</td><td>१३६८०००</td><td>७४८०००</td><td>१५२२०००</td><td>३७८२०००</td></tr>
<tr><td>३</td><td>टेलिफोन रिचार्ज</td><td>३६०००</td><td>४८०००</td><td>३७२०००</td><td>२०२०००</td><td>१०३००००</td><td>१६८८०००</td></tr>
<tr><td>४</td><td>पत्रपत्रिका इनटरनेट</td><td>४८०००</td><td>६००००</td><td>५४४०००</td><td>२७४०००</td><td>६८४०००</td><td>१६१००००</td></tr>
<tr><td>५</td><td>जनसम्पर्क</td><td>१४३०००</td><td>९६०००</td><td>९०४०००</td><td>४६४०००</td><td>१०७६०००</td><td>२६८३०००</td></tr>
<tr><td>६</td><td>अतिथि सत्कार</td><td>७२०००</td><td>७२०००</td><td>७८००००</td><td>४१६०००</td><td>0</td><td>१३४००००</td></tr>
<tr><td>७</td><td>खानेपानी तथा विजुली</td><td>४८०००</td><td>६००००</td><td></td><td>0</td><td>0</td><td>१०८०००</td></tr>
<tr><td>८</td><td>चाडपर्व खर्च</td><td>१५०००</td><td>१५०००</td><td>१६२८०००</td><td>७२०००</td><td>१९७०००</td><td>१९२७०००</td></tr>
<tr><td>९</td><td>मर्मत सम्भार विद्युत</td><td>४८०००</td><td>६००००</td><td>0</td><td>0</td><td>0</td><td>१०८०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४१००००</td><td>५५५०००</td><td>५५९६०००</td><td>२१७६०००</td><td>४५०९०००</td><td>१३२४६०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>कार्य विभाजन तथा सम्पादन :<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ मा कार्यपालिकाको कार्य विभाजन तथा कार्य सम्पादन सम्बन्धी व्यवस्था सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ। नियमावलीमा प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा वडा सदस्यहरुको काम, कर्तव्य र अधिकार समेत उल्लेख भएको हुनुपर्ने उल्लेख भएकोमा पालिकाले हालसम्म पदाधिकारीहरुको कार्य विभाजन नियमावली बनाएको भएपनि प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **स्वकिय सचिव तथा कानुनी सल्लाहकार :**<br><br>स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन । पालिकाले यस वर्ष १ जना प्रेस सल्लाहकार र १ जना कानूनी सल्लाहकार नियुक्त गरी चाडपर्व खर्च र पोशाक समेत रु.३७३३३३ पारिश्रमिक भुक्तानी दिएको छ । सल्लाहकार नियुक्ति गर्दा स्पष्ट कार्य विवरण तयार गरी सोको मुल्याङ्कनको आधारमा भुक्तानी दिने व्यवस्था गर्नुपर्ने देखिन्छ। | |
| २८ | | | **धरौटी :**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६२, ६६ र ६८ अनुसार धरौटी को रकम बैंकमा दाखिला गरेपछि एक प्रति बैंक भौचर सम्वन्धित कार्यालयमा बुझाई सोको नगदी रसिद लिनुपर्ने, जुन कामको लागि धरौटी राखिएको सो काम समाप्त भएको एक वर्षभित्र धरौटी रकम फिर्ता पाउन सम्बन्धित कार्यालयमा नगदी रसिद (कार्यालय आफैले काटेर राखेको बाहेक) साथ निवेदन दिनुपर्ने र कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोबारको लेखाको अनुसूची १० अनुसारको ढाँचामा गोश्वारा धरौटी खाता (म।ले।प।फा नं। ६०२), अनुसुची ११ अनुसारको व्यक्तिगत धरौटी खाता (म।ले।प।फा नं। ६०१), छुट्टै बैंक नगदी किताव राख्नुपर्ने र म्यादभित्र फिर्ता लिन नआएमा राजस्वमा आम्दानी बाँध्नु पर्ने उल्लेख छ । तर कार्यालयले धरौटीको नगदी रसिद नकाट्नुको साथै अनुसुची ११ अनुसारको व्यक्तिगत धरौटी खाता समेत राखेको छैन ।नगदी रसिद नकाट्ने र व्यक्तिगत धरौटी खाता नराखी धरौटी रकम फिर्ता गर्दा सम्बन्धित फिर्ता लिन पाउने व्यक्तिले नै धरौटी फिर्ता लिएको छ भनी यकिन हुन नसक्ने भएकोले कानुनबमोजिम कारोबार गर्नेतर्फ पालिकाको ध्यान पुग्नुपर्ने देखियो । | |
| २९ | | | **योजना छनौट :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवद्यिक वार्षिक रणनीतिगत विषयको योजना बनाउदा मध्यकालीन तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याङ्कन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्य गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले अधिकांश सडक निर्माण कार्य अध्ययन अनुसन्धान र प्रभाव मूल्याङ्कन बेगर नै छनौट तथा कार्यान्वयन गरेको छ । वातावरणीय प्रभाव मूल्याङ्कन तथा विस्तृत आयोजना प्रतिवेदनको आधारमा मध्यकालीन तथा दीर्घकालीन योजना वनाइ आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ । | |
| ३० | | | **वन पैदावार :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धि आफ्नो वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावार बिक्रीबापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित पालिकाको स्थानीय कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले सो सम्बन्धि अभिलेख तथा वन कार्ययोजना स्वीकृत गरेको देखिएन।आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन कार्ययोजनाको स्वीकृति तथा वन पैदावारको बिक्रीबाट प्राप्त हुने रकम आम्दानी गर्न पहल गर्नुपर्ने देखिन्छ। | |
| ३१ | | | **यातायात गुरुयोजना :**<br><br>स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्र आफैले निर्माण गरेका र अन्य निकायले निर्माण गरेका सम्पूर्ण सडकहरुको नक्साङ्कन एवं अद्यावधिक विवरण (रोड इन्भेन्ट्री) सहितको यातायात गुरुयोजना तयार गरी सडक निर्माण गर्दा सोही गुरुयोजनालाई आधार मानी प्राथमिकताको आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले यातायात गुरु योजना तयार गरेको देखिएन । गुरु योजना विना नै विगत वर्षदेखि पालिकाले विभिन्न सडकहरुको स्तरोन्नती, मर्मत, ट्र्याक ओपेनिङ लगायतका काम गर्दै आएको छ । पूँजिगत खर्चको ठूलो हिस्सा यसैमा खर्च भई रहेको छ । तर यातायात गुरु योजना तयार नगरेको कारण पालिका भित्रका सडक सञ्जालमा प्रत्येक वर्ष भएका खर्चको औचित्यता बारेमा विश्लेषण गर्न सकिएन । सडक निर्माणको कार्यलाई दिगो, प्रभावकारी र बजेट औचित्यपूर्ण प्रयोगको लागि अनिवार्य रुपमा यातायात गुरु योजना तयार गर्नुपर्ने देखिन्छ । | |
| ३२ | | | **अभिलेख :** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद र जिन्सीसमेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नुपर्ने र सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्य सम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पदसमेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्ने उल्लेख छ । उपरोक्त अनुसारको प्रावधान पूरा गर्दा निर्माण पश्चात कुनै त्रुटि देखिएमा सम्बन्धित व्यक्तिलाई जिम्मेवारी बनाउन सकिन्छ । तसर्थ कार्यालयले उपभोक्ता समितिबाट भएका कार्यको नियमले तोकेको प्रकृया पूरा गरी अभिलेख राख्नु पर्दछ । | |
| ३३ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन। आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नु पर्दछ। | |
| ३४ | | | **जिन्सी व्यवस्थापन र लगत अद्यावधिक :**<br><br>कार्यालयमा रहेको खर्च भएर नजाने प्रकृतिका जिन्सी मालसामानहरु जस्तै मोटरसाइकल, ल्यापटप, कम्प्यूटर, प्रिन्टर, टेवल, कुर्सी, दराज जस्ता मालसामानहरु कार्यालयको मूल जिन्सी खातावाट सामान सम्बन्धित व्यक्ति, वडा कार्यालय र विषयगत शाखामा कार्यरत कर्मचारीहरुलाई माग फारामको आधारमा हस्तान्तरण जनाई मौज्दात घटाएको पाइयो। अतः उक्त सामानहरु वडा कार्यालय र विषयगत शाखाहरुले पनि आम्दानी नबाँधेको कारण उक्त मालसामानहरु हराउन सक्ने देखिएकोले सहायक जिन्सी खाता राखी सामान वुझाउनु पर्ने र हस्तान्तरण भनी मौज्दातबाट घटाइएका मालसामानहरु कार्यालयकै मूल जिन्सीमा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने देखिन्छ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५</td><td></td><td></td><td>जिन्सी निरीक्षण :<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>कर तथा शुल्क असुली :<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५,५६,५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br><table>
<tr><th>क्र सं</th><th>शीर्षक नं.</th><th>राजस्व/स्रोत शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>१</td><td>११३१३</td><td>एकिकृत सम्पत्ति कर मालपोत समेत</td><td>७,७००,०००।००</td><td>७,११४,८७२।२३</td><td>९२।४०</td></tr>
<tr><td>२</td><td>११३२१</td><td>घर बहाल कर</td><td>२,०००,०००।००</td><td>३,४१६,६६८।०७</td><td>१७०।८३</td></tr>
<tr><td>३</td><td>१४२१९</td><td>अन्य सेवा शुल्क तथा बिक्री</td><td>३,०००,०००।००</td><td>२,६३६,५७८।००</td><td>८७।८९</td></tr>
<tr><td>४</td><td>१४२४३</td><td>सिफारिस दस्तुर</td><td>५,०००,०००।००</td><td>५,६१०,८६५।००</td><td>११२।२२</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>१४२४९</td><td>अन्य दस्तुर</td><td>१,६००,०००।००</td><td>१,६६४,२५५।००</td><td>१०४।०२</td></tr>
<tr><td>६</td><td>१४६११</td><td>व्यवसाय कर</td><td>२,०००,०००।००</td><td>१,४९७,७९५।००</td><td>७४।८९</td></tr>
<tr><td colspan="3">कुल जम्मा</td><td>२१३०००००</td><td>२१९४१०३३.३</td><td>१०३।०१</td></tr>
</table>
<br>पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>राजश्व असुल नगरेको :<br><br>पालिकाको आर्थिक ऐन २०७८ को दफा १३ मा पालिकाले अनुसुची १२ मा उल्लेखित सेवा उपलव्ध गराउँदा सेवाग्राहिबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क असुल गर्नुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत रहेका वडा कार्यालयहरुले अनुसूचीमा उल्लेखित सेवा उपलव्ध गराउदा आर्थिक ऐनले तोकेको शुल्क लिने गरेको देखिएन । यसरी आर्थिक ऐनमा भएको व्यवस्था विपरित वडा कार्यालयहरु तथा पालिकाबाट उपलव्ध गराईएको सेवा सुबिधमा तोकिएको दरमा शुल्क नलिने कार्य नियमसम्मत नदेखिएकोले यस सम्बन्धमा सम्बन्धित पक्षले ध्यान दिई सेवा शुल्क असुल गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण :</td><td></td></tr>
<tr><td>३८.१</td><td></td><td></td><td>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) तथा आर्थिक कार्यबिधि तथा वितीय उत्तरदायित्व ऐन २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनुपर्ने ब्यवस्था छ। सोही ऐनको दफा २८(२) मा आफ्नो जिम्मा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले १० दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना समेत गर्न लगाउने व्यवस्था भएकोमा निम्नानुसार तोकिएको समयमा दाखिला गरेको नदेखिएकोले व्याज समेत असुल गर्नुपर्ने देखिएको छ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८.२</td><td></td><td></td><td>वडा नं. १२ को वडा कार्यालयमा उठेको राजश्व रु ६,२८,४५३ मध्ये सामाजिक परिचालक फुलमाया थारुले आलेपले औल्याए बमोजिम जरिवाना सहित रू ५१८७६। सम्बन्धितबाट असुल उपर गर्नुपर्ने रू</td><td>५१,८७६</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति :<br><br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४७ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">विद्यालय संख्या</th><th colspan="4">शिक्षक दरबन्दी</th><th colspan="4">पदपुर्ती</th><th rowspan="2">विद्यार्थी संख्या</th></tr>
<tr><th>स्थायी</th><th>राहत</th><th>करार</th><th>निजी स्रोत</th><th>स्थायी</th><th>राहत</th><th>करार</th><th>निजी स्रोत</th></tr>
<tr><td>४७</td><td>१५८</td><td>१२२</td><td>१३</td><td>४८</td><td>१५७</td><td>१२२</td><td>१३</td><td>४६</td><td>१७४१४</td></tr>
</table></td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>शिर्षक फरक पारी खर्च लेखेको :<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ (२)(क) मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको रकम अधिकार प्राप्त अधिकारीले खर्च स्वीकृत गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ। पालिकाले शिक्षा मानव श्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम पुस्तिकामा विद्यार्थीहरुलाई तोकिए बमोजिम दिवा खाजा उपलब्ध गराउने व्यवस्थाका लागि बजेट विनियोजन गरेको र सो विनियोजनबाट अन्य शीर्षकमा खर्च गर्न पाइने व्यवस्था छैन । गाउँ कार्यपालिकाले मिति २०७९।३।२१ मा विद्यालयमा कार्यरत बाल विकास सहजकर्ता विद्यालय कर्मचारीलाई तलव अपुग भएको भनि खाजा शीर्षकबाट रू ५८४३६६६ तलव भत्तामा खर्च लेखेको देखिएकोले सोही नियमावलीको नियम ४३(१) अनुसार हुनुपर्ने रू</td><td>५,८४३,६६६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **विद्यालयगत निकासा खाता :**<br><br>पालिकाले प्रत्येक विद्यालयको स्थायी तथा अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब, ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालायगत निकासा खाता अद्यावधिक गरी राख्रुपर्ने व्यवस्था छ ।पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन।यसरी विद्यालयगत निकास खाता नराख्दा विद्यालयबाट माग भएको र पालिकाबाट निकासा दिएको रकम भिडान गर्न सकिने देखिएन। निकासाका रुपमा जाने तलव, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुन सकेन।अतः पालिकाबाट विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयर प्रणालीमा प्रविष्टि गरी विद्यालयगत निकासाको एकिकृत अभिलेख देखिने निकासा खाता तयार गर्नु पर्दछ। | |
| ४२ | | | **औषधी खरिद :**<br><br>पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष वाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधि र उपकरण खरिद गरी रु.१५८५६७० भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ । | |
| ४३ | | | **म्याद ननाघेको पेश्की :**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस विभिन्न निर्माण | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>व्यवसायीलाई रु.१२३१९००० पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी पेश्की फस्र्यौट गर्नुपर्दछ ।
<table>
<tr><td>भौ.नं./मिति</td><td>पेश्की लिने व्यक्ति/सस्था</td><td colspan="2">पेस्की रकम</td></tr>
<tr><td></td><td></td><td>म्याद नाघेको</td><td>म्याद ननाघेको</td></tr>
<tr><td colspan="4">ठेकेदार</td></tr>
<tr><td>९ |२०७९|१|९</td><td>बर्दिया ब्लाक वक कन्स्ट्रक्सन प्रा लि गुलरिया बर्दिया</td><td></td><td>१७४९०००</td></tr>
<tr><td>३७ |२०७९|३|२५</td><td>मार्क कन्स्ट्रक्सन प्रा लि गुलरिया बर्दिया</td><td></td><td>१६७००००</td></tr>
<tr><td>४९ |२०७८|१०|७</td><td>महादेव खिम्ती अञ्जना यादव जेभी</td><td></td><td>४८०००००</td></tr>
<tr><td>६ |२०७८|११|१०</td><td>महादेव खिम्ती अञ्जना यादव जेभी</td><td></td><td>४१०००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td>१२३१९०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>उपभोक्ता समिति दर्ताः<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउन सकिने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानुनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो वर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य सम्पन्न गराएको समितिहरु ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन । त्यस्ता</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने,गराउने गरी सुधार हुनुपर्दछ । | |
| ४५ | | | **सम्झौता कार्यान्वयन :**<br><br>पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा योजनाको सम्झौतामा देहाय बमोजिमको व्यवस्था गरेकोमा सम्झौतामा उल्लेखित अधिकांश शर्तहरुको पालना गरेको देखिँदैन । पालिकाले सम्झौतामा उल्लेखित शर्तहरु पुर्णरुपमा पालना भएको अवस्थामा मात्र भुक्तानी गर्नुपर्दछ।<br>• नगदी, जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण राख्नुपर्नेमा राखेको छैन,<br>• उपभोक्ता समितिले आयोजनासँग सम्बन्धित विल, भरपाईहरु, डोर हाजिरी फारामहरु, जिन्सी नगदी खाताहरु, समिति समूहको निर्णय पुस्तिका आदि कागजातहरु कार्यालयले मागेको बखत उपलव्ध गराउनुपर्ने र त्यसको लेखापरीक्षण पनि गराउनुपर्ने उल्लेख भएकोमा उपभोक्ता समितिले लेखापरीक्षण गराएको छैन,<br>• मूल्य अभिबृद्धि कर (VAT) लाग्ने बस्तु तथा सेवा खरिद गर्दा रु. २०,०००।- भन्दा बढी मूल्यको सामग्रीमा अनिवार्य रुपमा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीबाट खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन,<br>• आयोजानाको आवश्यक मर्मत संभारको व्यवस्था सम्बन्धित उपभोक्ताहरुले नै गर्नुपर्नेमा सोको अनुगमन भएको छैन,<br>उल्लेखित शर्तहरुको परिपालना नभएबाट कामको लागत, गुणस्तर एवं प्रतिफलको सम्बन्धमा आश्वस्त हुन नसकिएकोले दुबै पक्षले शर्तहरुको पालना गर्नुपर्दछ । | |
| ४६ | | | **गुणस्तर परीक्षण :**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको सबै निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको र उपभोक्ता मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ। | |
| ४७ | | | **मर्मत सम्भार कोषः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले बिभिन्न आयोजना कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भएतापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कतिपय उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ। | |
| ४८ | | | **उपभोक्ता समितिको श्रेस्ता अनुगमन :**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिवाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजाँच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानूनबमोजिम कारबाही हुने व्यवस्था छ।उपभोक्ता समितिले राखेको लेखाको सम्बन्धमा अनुगमन गरेको देखिएन।उपभोक्ता समितिमार्फत् भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन।उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेकोसमेत देखिएन। उपभोक्ता समितिले लेखा नराख्ने, कार्यालयबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आयकर तथा भुक्तानीमा असुली गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट छली हुन सक्ने भएकोले अनुगमन गर्नुपर्दछ । | |
| ४९ | | | **लागत सहभागिता :**<br><br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ।तर पालिकाले लागत सहभागिता शिरोभारसहितका लागत अनुमान तयार गरेको देखिएन।अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ। | |
| ५० | | | **हेभि इक्विपमेन्टको प्रयोग :**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर, जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने ब्यबस्था छ । सो नियमावली को प्रतिवन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभि मेशिन प्रयोग गर्ने गरेको पाईए तापनि नियमावलीको व्यबस्था बमोजिम सम्वन्धित प्राबिधिकको सिफारिश गराई कार्यालयबाट लिएको पाईएन । यस वर्ष २१९ उपभोक्ता समितिबाट रू १२१३८०००० बाटो तथा सडक निर्माण तथा मर्मत गर्ने कार्य भएको पाइयो । | |
| ५१ | | | **निर्माण स्थल**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ मा सार्वजनिक निकाय र लाभग्राहि समुदायले निर्माण स्थलको भ्रमण गरी खरिद सम्झौता गर्नुपर्ने उल्लेख छ। पालिकाले उपभोक्ता समितिसँग सामुदायिक भवन र अन्य भौतिक संरचनाहरु | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निर्माणको लागि सम्झौता गर्दा संरचना गर्ने निर्माण स्थलको जग्गा कस्को स्वामित्वमा छ, उक्त जग्गा सरकारी तथा सार्वजनिक हो एकिन गर्ने गरेको देखिएन। पालिकाले संरचना निर्माण गर्ने स्थलको जग्गा सम्बन्धमा मालपोत तथा नापी कार्यालयसँग समन्वय गरेर मात्र खरिद सम्झौता गर्नुपर्दछ। | |
| ५२ | | | **सोझै खरिद :**<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने ब्यबस्था छ । पालिकाले देहायबमोजिमको सामानहरु प्रतिस्पर्धा बेगर सोझै खरिद गर्दा प्रतिस्पर्धा सीमित हुन गई खरिद कार्य मितव्ययी भएको छैन । खरिद कार्य पूर्ण प्रतिस्पर्धा गराई गुणस्तरीय र मितव्ययी तरिकाले गर्नुपर्दछ । कार्यालयले देहाय अनुसारको सोझौ खरिद बिधिबाट खर्च गरेकोले अनियमित देखिएको रु | ८,७२०,०३२ |

| भौचर नं र मिति | विवरण | रकम |
|---|---|---|
| नगरपालिका पूँजीगत तर्फ | | |
| २।२०७८।६।१३ | जी.एस. इन्फोसिसबाट ल्यापटप खरिद | १५६००० |
| २८।२०७८।८।१२ | गुलरिया लिंक्सबाट मेशिनरी तथा औजार खरिद | १९५७०० |
| २९।२०७८।८।१३ | बागेश्वरी अडर्स एण्ड सप्लायर्सबाट मेशिनरी तथा औजार खरिद | ४२३३६ |
| ५१।२०७८।१०।१० | ओशो प्लाजाबाट मेशिनरी तथा औजार खरिद | ४१३५८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | |
|---|---|---|
| ६२।२०७८।१०।२६ | जेआर कम्प्युटर इनफोसिसबाट मेशिनरी तथा औजार खरिद | ९७५०० |
| ८४।२०७८।११।२७ | गुलरिया लिंक्सबाट मेशिनरी तथा औजार खरिद | ७०६२५ |
| ९२।२०७८।१२।१३ | गुलरिया लिंक्सबाट मेशिनरी तथा औजार खरिद | ९९६६६ |
| १०४।२०७८।१२।२० | यूनिक कम्प्युटर सेवाबाट मेशिनरी तथा औजार खरिद | १०५०३२ |
| १११।२०७८।१२।२४ | गुलरिया लिङ्कसबाट मेशिनरी तथा औजार खरिद | २८३१३१ |
| ११६।२०७९।१।६ | बागेश्वरी सिभिल ल्याबबाट मेशिनरी तथा औजार खरिद | ४९९१२१ |
| १७७।२०७९।२।३१ | जि एस इन्फोसिसबाट मेशिनरी तथा औजार खरिद | ४९६९४० |
| १९८।२०७९।३।१२ | मेशिनरी तथा औजार खरिद | ९९६६६ |
| २१०।२०७९।३।१४ | ओशो प्लाजाबाट मेशिनरी तथा औजार खरिद | ४२४६५४ |
| २१३।२०७९।३।१४ | इनोभेटिभ मिडियाबाट मेशिनरी तथा औजार खरिद | ८८१४० |
| ३२२।२०७८।३।२१ | इनोभेटिभ स्मार्ट सिटि भिजन प्रालिबाट मेशिनरी तथा औजार खरिद | ६१७५४८ |
| ७।२०७८।६।२२ | नागरिक इनर्जी डेभलपमेन्ट कम्पनी प्रालिबाट सौर्य बत्ती खरिद गरेको । | ४८२९१२ |
| ७३।२०७८।११।२२ | बर्दिया ट्रेडर्स एण्ड सप्लायर्सबाट सोलार बत्ती खरिद गरेको । | ४६८५९९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२९१।२०७९।३।२५</td><td>काठमाण्डौं इनर्जि प्रालिबाट सोलार बत्ति खरिद । Quality inspection गरेको छैन ।</td><td>७०४९५०</td></tr>
<tr><td>२३।२०७८।८।९</td><td>दिप अर्डर एण्ड सप्लायर्सबाट ह्यूम पाईप खरिद गरेको ।</td><td>२९७३९३</td></tr>
<tr><td>२४।२०७८।८।१२</td><td>संगम कंक्रिट उत्पादन प्रालिबाट ह्यूम पाईप खरिद गरेको ।</td><td>३९६३४१</td></tr>
<tr><td>४०।२०७८।९।२७</td><td>दिप अर्डर एण्ड सप्लायर्सबाट बद्युत पोल तथा ह्यूम पाईप खरिद गरेको ।</td><td>२९९४७४</td></tr>
<tr><td>५८।२०७८।१०।१८</td><td>नेपालगंज ट्रेडर्स एण्ड जनरल अडर्स सप्लायर्सबाट बद्युत पोल खरिद ।</td><td>३९८९४६</td></tr>
<tr><td>६६।२०७८।११।१५</td><td>संगम कंक्रिट उत्पादन प्रालिबाट ह्यूम पाईप खरिद गरेको ।</td><td>१९६५०७</td></tr>
<tr><td>९१।२०७८।१२।१२</td><td>शुभकामना एण्ड सप्लायर्सबाट ह्यूम पाईप खरिद गरेको ।</td><td>२९९८४५</td></tr>
<tr><td>१०३।२०७८।१२।१८</td><td>त्रिपुरा सुन्दरी अर्डर एण्ड सप्लायर्सबाट विद्युतीय पोल खरिद गरेको ।</td><td>२९३९७७</td></tr>
<tr><td>१३२।२०७९।१।११</td><td>बर्दगोरिया ह्यूपाईप एण्ड कंक्रिट उद्योग प्रालिबाट विद्युतीय पोल खरिद गरेको ।</td><td>२९९२२४</td></tr>
<tr><td>१५५।२०७९।२।१९</td><td>कृष्णसार पोल एण्ड पाइप इन्डष्ट्रिज प्रालिबाट ह्यूम पाइप खरिद ।</td><td>१९९१६२</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२२२।२०७९।३।१६</td><td>न्यू बर्दिया सप्लायर्सबाट विद्युतीय पोल खरिद गरेको ।</td><td>३९४०८७</td></tr>
<tr><td>२४३।२०७९।३।२२</td><td>दिप अर्डर एण्ड सप्लायर्सबाट ह्यूम पाईप खरिद गरेको ।</td><td>२९८९७६</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८७२००३२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>
मूल्य अभिवृद्धि कर कट्टा नगरेको :<br><br>
मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) (२३ औ संशोधन) बमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का वा करार अन्तर्गत आपुर्ति हुने वस्तु वा सेवा आपूर्ति बापतको रकम सम्वन्धित ठेकेदार वा आपूर्तिकर्ता लाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको भुक्तानीमा ३० प्रतिशत निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रहेको कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने ब्यवस्था छ ।तर कार्यालयले मूल्य अभिवृद्धि करको शत प्रतिशत नै तपशिलका फर्मलाई भुक्तानी दिएकोले सोको रकम दाखिला गरेको तथा मूल्य समायोजन पेश गर्ने अन्यथा ३० प्रतिशत असुल हुनुपर्ने रु
<table>
<tr><td>मिति भौचर</td><td>विवरण</td><td>विजक रकम</td><td>मु अ कर रकम रु.</td></tr>
<tr><td colspan="2">बिबिध कोष खाता</td><td></td><td></td></tr>
<tr><td>३।२०७८।७।५</td><td>वडा नम्बर ४ मा भैरव कन्स्ट्रक्सनबाट बाटो ग्राभेल कार्य ।</td><td>४९२८९१</td><td>५६७०४</td></tr>
<tr><td>४।२०७८।५।५</td><td>वडा नम्बर ४ मा गणेश बाबा कन्स्ट्रक्सन सप्लायर्सबाट बाटो ग्राभेल कार्य ।</td><td>४९४८५२</td><td>५६९२३</td></tr>
</table>
</td><td>७२४,४७८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५।२०७८।५।११</td><td>वडा नम्बर ५ मा जय बागेश्वरी निर्माण सेवाबाट बाटो ग्राभेल कार्य ।</td><td>४८६१६६</td><td>५५९३०</td></tr>
<tr><td>६।२०७८।८।९</td><td>वडा नम्बर ४ मा पूर्णिमा कन्स्ट्रक्सनबाट बाटो ग्राभेल कार्य ।</td><td>४९५६५१</td><td>५७०२१</td></tr>
<tr><td>११६।२०७९।१।६</td><td>बागेश्वरी सिभिल ल्याबबाट मेशिनरी तथा औजार खरिद</td><td>४९९१२१</td><td>५७४२१</td></tr>
<tr><td>१७७।२०७९।२।३१</td><td>जि एस इन्फोसिसबाट मेशिनरी तथा औजार खरिद</td><td>४९६९४०</td><td>५७१७०</td></tr>
<tr><td>३२२।२०७८।३।२१</td><td>इनोभेटिभ स्मार्ट सिटि भिजन प्रालिबाट मेशिनरी तथा औजार खरिद</td><td>६१७५४८</td><td>७१०४५</td></tr>
<tr><td>८५/०७८-७-५</td><td>पौडेल बिल्डर्स एण्ड कन्ट्रक्सन प्रा.लि. (निर्माण कार्य)</td><td>४१२९७१</td><td>५३६८६</td></tr>
<tr><td>९६/०७८-७-९</td><td>ज्वाली सप्लायर्स गुलरिया बर्दिया(निर्माण कार्य)</td><td>८७५२०</td><td>११३७७</td></tr>
<tr><td>२५६/०७८-९-२७</td><td>भेरी अर्डर एण्ड सप्लार्यस गुलरिया बर्दिया (सडक बत्ती जडान)</td><td>४११९६०</td><td>५३५५४</td></tr>
<tr><td>२९६/०७८-१०-३</td><td>पशुपति जनरल अर्डर एण्ड सप्लायर्स (खेल सामाग्री खरिद)</td><td>२०००००</td><td>२७०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३१४/०७८-१०-१०</td><td>नरसिंह सिमेण्ट टायल उधोग गुलरिया (सामाग्री खरिद)</td><td>१६९३८९</td><td>२५३११</td></tr>
<tr><td>३३२/०७८-१०-१६</td><td>ज्वाली सप्लायर्स गुलरीया बर्दिया (फर्निचर खरिद)</td><td>२८८५००</td><td>३७५०५</td></tr>
<tr><td>३४३/०७८-१०-१८</td><td>दिप अर्डर एण्ड सप्लायर्स (मेशिन खरिद)</td><td>७९८७००</td><td>१०३८३१</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५९५२२०९</td><td>७२४४७८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५४</td><td>५३</td><td>२०७८-१०-१०</td><td>राधाकृष्ण चोक स्तरोन्नती तथा हाइमास्ट लाइट जडान कार्यक्रम अन्तर्गत तुलापुर चोकमा ३ थान हाइमास्ट लाइट खरिद गरी जडान गरेकोमा खरिद गरेको हाइमास्ट लाइटहरुको प्राविधिक पक्ष लगाएको गुणस्तर परिक्षण नगरी खर्चको भुक्तानी गरेको अनियमित देखिएको रु</td><td>३,५७०,९८८</td></tr>
<tr><td>५५</td><td>२५३</td><td>२०७९-३-२४</td><td>मोवाइल खरिद :<br><br>सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को बुदा नम्बर ३ मा सार्वजनिक निकायले कार्यालय सामान खरिद गर्दा मितव्ययिता कायम हुनेगरी खर्च गर्नुपर्ने व्यहोरा उल्लेख छ । कार्यालयले युनिक कम्प्युटर्सबाट रु. १३५०००। का दरले रु. २७००००। २ थान OnePlus pro 10 (2/256GB) मोवाइल खरिद गरेको छ । उच्च लागतको मोवाइल जस्तो नितान्त व्यक्तीगत प्रयोगका जिन्सी सामान खरिद गरेको उल्लेखित मापदण्ड अनुरुप देखिदैन ।उक्त मोवाइल कसले प्रयोग गरेको हो सोको विवरण समेत यकिन हुन सकेन ।</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>वडा कार्यालयको खर्च :</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्ने कार्यविधि उल्लेख छ । सोही नियमको उप नियम १० मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई कागजात समावेश रहेनरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ ।वडा कार्यालयले स्वयंले जिन्सी सामान खरिद गरी नगरपालिकाले भुक्तानी दिएको देखिन्छ । यसरी खरिद गरेको जिन्सी सामानको अभिलेख समेतनगरपालिकाको जिन्सी अभिलेख राख्ने पाम्स सफ्ट्वेयरमा अभिलेख राखेको देखिदैन । नगरपालिकाबाट खरिद गरिएको सबै जिन्सी सामानहरुको पाम्स अभिलेख खडा गरी वडा कार्यालयहरुमा हस्तान्तरण हुने सामानको हस्तान्तरण फारम अभिलेखनको व्यवस्था गर्नु पर्दछ । वडा कार्यालयहरुलाई आर्थिक अधिकार सहितको Separate spending unit रुपमा कानुनी मान्यता रहेको छैन । नगरपालिकाले वार्षिक खरिद योजना बनाई, खरिद कार्यलाई केन्द्रिकृत, प्रतिस्प्रधात्मक, मितव्ययी, प्रभावकारी, स्वच्छ एवं पारदर्शी बनाई सार्वजनिक स्रोतको उपयोगबाट अधिकतम लाभ हासिल हुने अवस्था सहितको Value for money प्राप्त हुने अवस्थाको सुनिश्चित गरी समग्रमा वित्तीय अनुशासनको अवस्था कायम गर्नु पर्दछ । | |

| मिति भौचर | विवरण | खर्च रु. |
|---|---|---|
| ५८।२०७८।१०।१८ | नेपालगंज ट्रेडर्स एण्ड जनरल अडर्स सप्लायर्सबाट बद्युत पोल खरिद । | ३९८९४६ |
| ९२।२०७८।१२।१३ | गुलरिया लिंक्सबाट मेशिनरी तथा औजार खरिद | ९९६६६ |
| १२५।२०७९।१।९ | ज्ञवाली फर्निचरबाट वडाका लागि फर्निचर खरिद | ९८९४५ |
| १७१।२०७९।२।२४ | ६ नम्बर वडाले गुलरिया लिङ्कसबाट ल्यापटप खरिद गरेको । | २२८००० |
| १८३।२०७९।३।२ | ६ नम्बर वडाले अपला डेकोरबाट फर्निचर खरिद गरेको । | ९८२५३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१९६।२०७९।३।१०</td><td>५ नम्बर वडाले ओशो प्लाजाबाट मेशिनरी औजार खरिद गरेको ।</td><td>७६०००</td></tr>
<tr><td>३०३।२०७८।३।२४</td><td>वडा सचिव टिकाराम गुप्ताले लागत अनुमान बेगर पेश्की लिएर २ थान मुर्ति खरिद गरेको ।</td><td>२०००००</td></tr>
<tr><td>२३९।२०७९।३।२२</td><td>न्यू माया इलेक्ट्रोनिक्सबाट वडा नम्बर ५ का जनप्रतिनिधि तथा वडा सचिवका लागि २ थान मोबाइल खरिद ।</td><td>४३५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>
अमानतमा निर्माण कार्य :<br><br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ अनुसार रु १ लाख सम्मको निर्माण कार्य अमानतमा गर्न सक्ने व्यवस्था रहेकोमा कार्यालयले देहाय अनुसारका रु १ लाख भन्दा बढि लागतका निर्माण कार्य अमानतमा गरेको मनासिव नदेखिएको रू
<table>
<tr><th>भौचर नं र मिति</th><th>विवरण</th><th>बेरुजु रु.</th></tr>
<tr><td colspan="2">नगरपालिका पूँजीगत तर्फ</td><td></td></tr>
<tr><td>३४।२०७८।८।२१</td><td>अ.स.ईन्जिनियर रुपमती चौधरीले भुक्तानी लिएर सडक ग्राभेल तथा माटो पटान कार्य गरेको।</td><td>३३२४२६</td></tr>
<tr><td>४६।२०७८।१०।३</td><td>अ.स.ईन्जिनियर रुपमती चौधरीले भुक्तानी लिएर सडक ग्राभेल तथा माटो पटान कार्य गरेको।</td><td>१६९१६१</td></tr>
<tr><td colspan="2">बिबिध कोष खाता</td><td></td></tr>
</table>
</td><td>९८७,९८९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२।२०७८।७।५</td><td>अ.स.ईन्जिनियर रुपमती चौधरीले भुक्तानी लिएर सडक ग्राभेल गरेको ।</td><td>१२५९००</td></tr>
<tr><td>११।२०७८।१२।१३</td><td>अ.स.ईन्जिनियर रुपमती चौधरीले भुक्तानी लिएर बाटो मर्मत गरेको ।</td><td>१९७३५४</td></tr>
<tr><td>१९।२०७९।३।२२</td><td>अ.स.ईन्जिनियर दिनेश चौधरीले भुक्तानी लिएर बाटो मर्मत गरेको ।</td><td>१६३१४८</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९८७९८९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>कार्यक्रम संशोधन वेगर खर्च :<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व निमायवली २०७७ को नियम ३३ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने भएमा त्यस्तो कार्यक्रम संशोधन गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले वडा नं १० टेलिकम टावरदेखि दक्षिण सीमा चौकी जाने मोटर वाटो कालोपत्रे कार्यका लागि प्रदेश सरकार समपुरकबाट रू २ करोड र पालिकाबाट २ करोड गरी ४ करोडको बजेट व्यवस्था भई सो कार्यका लागि रू ४०००७८९५।५७ लागत अनुमान तयार गरी टेण्डर आव्हान भएकोमा लागत अनुमानको ४१.०२ प्रतिशत कम दररेट पेश गर्न महादेव खिम्ती अञ्जना जे भी सँग सम्झौता भई कार्य भएकोमा बाँकी रहेको बजेटको पुन: सम्झौता गरी कार्य भएको छ। बाँकी रहेको बजेटबाट कार्यक्रम संशोधन नगरी पुन: बजेट बाँकी रहेको भनि सोही कामको दायावाया कोलपत्रे गर्नका लागि उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिलाई रू ४७९१८९४ भुक्तानी दिएकोमा कार्यक्रम संशोधन वेगर खर्च गरेको सोही नियमावलीको नियम ४३ बमोजिम हुनुपर्ने रू</td><td>४,७९१,८९४</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>सुरक्षित नागरिक आवास कार्यक्रमः<br><br>सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७६ को दफा ४ मा सम्वन्धित स्थानीय तहको समन्वयमा संघीय आयोजना कार्यान्वयन एकाई वा सघन शहरी तथा भवन निर्माण आयोजनाले लाभग्राही छनौट गर्ने प्रयोजनको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लागि लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल, गाह्रो आदिको आधारमा अनुसूची -१ वमोजिमको अंक प्रदान गरी प्राथमिकताको आधारमा सूची तयार गर्ने उल्लेख छ । त्यस्तै अनुसूची १ मा जग्गाको स्वामित्व भएको, ढुङ्गाको, बाँस, चिरपट।कप्टेरोको गाह्रो भएको, खपटा, टायल, स्याउला, प्लाष्टिकको छाना भएको र जग्गाको क्षेत्रफल ३० वर्गफिट भन्दा कम भएकोलाई प्रथमिकता दिने उल्लेख छ । तर पालिकाले यस बर्ष सुरक्षित नागरिक आवासको लागि विभिन्न मितिमा निर्णय गरी रकम उपलव्ध गराएको भएता पनि कार्यविधिले तोकेको मानदण्ड पुरा गरेको देखिने कागजात संलग्न गरेको छैन । सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ । | |
| ६० | | | **वाढी पिडित घर पुनर्निर्माणः**<br><br>२०७१ श्रावण २९ र ३० गते आएको वाढीवाट घर क्षतिग्रस्त भएका परिवारलाई घर पुनर्निर्माण कार्यको लागि यस पालिकावाट लाभग्राहीको सूचीमा परेका घरपरिवारलाई शहरी विकास तथा भवन डिभिजन कार्यालय बाँकेले प्रति परिवार घर निर्माण कार्यको लागि प्रथम किस्ता रु.५०००० ।०० ¸ दोस्रो किस्ता रु.१५०००० ।०० र तेस्रो किस्ता रु.१००००० ।०० गरी कुल रु.३००००० ।०० को दरले भुक्तानी दिनेगरी सम्झौता भएको पाइयो । यसरी छनौटमा परेका १७३५ लाभग्राहीमध्ये १५२८ लाभग्राहीलाई डिभिजन कार्यलयवाट पहिलो किस्ता वापतको रु.५०००० ।०० को दरले भुक्तानी भएको पाइयो भने पालिकावाट यस आ व मा १२८ घरपरिवारलाई गरी कुल १६५६ परिवारले पहिलो किस्ता वापतको रकम भुक्तानी पाएको देखियो । साथै पालिकाले प्राप्त रकमको दामासाहीले १५०८ परिवारलाई प्रति परिवार रु.२७४२३ को दरले यसै आ. व. मा दोस्रो किस्ता वापतको रकम भुक्तानी दिएको देखियो । प्रथम किस्ता वापत प्रति परिवार रु.५०००० ।०० को दरले भुक्तानी लिएका ४२ घर परिवारलाई पालिकाले जनही रु. २५००००। र ३०००००। तथा कारितास नेपाल नामक गैर सरकारी संस्थाले १ लाख ५६ हजारको दरले सहयोग गरी यसै आ. व. मा ४२ घर निर्माण गरेको पाइयो भने वाँकी लाभग्राहीले सम्झौता अनुसारको रकम अझै पनि प्राप्त गरी नसकेको देखियो । यसरी २०७१ सालका वाढी पिडितलाई घर पुनर्निर्माण कार्यको लागि दिने गरी सम्झौता भएको रकम तोकिएको समय र किस्तामा प्राप्त नहुँदा कार्यक्रमले तोकेको उद्देश्य प्राप्त नहुने हुँदा २०७१ सालदेखि आजसम्म पनि घर पुन: निर्माणका लागि कहिलेसम्म अनुदान दिने हो सोको मापदण्ड बनाउनु पर्ने देखिन्छ। | |
| ६१ | | | **दोहोरो हुनसक्नेः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७६ को बुँदा नं २१ मा नेपाल सरकारवाट भुकम्प पुनर्निर्माण, प्रकोप व्यवस्थापन वा जोखिम वस्ती स्थानान्तरण जस्ता कार्यक्रमवाट लाभान्वित लाभग्राहीलाई यस कार्यविधि बमोजिम अनुदान उपलब्ध नगराइने उल्लेख छ । पालिकाले २०७१ सालको वाढीवाट घर क्षतिग्रस्त भएका परिवारलाई घर पुनर्निर्माण कार्यको लागि करिव १७०० घरपरिवारलाई विभिन्न किस्तामा अनुदान उपलब्ध गराइरहेको अवस्थामा सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत पालिकाले पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामूली ल्याउने गरी सुरक्षित आवास निर्माण कार्यको लागि आ व २०७६।७७ मा छनौटमा परी पहिलो किस्ता वापतको रु.३०००० भुक्तानी लिएका १८५ परिवारलाई दोस्रो किता वापतको प्रति परिवार रु.२००००।०० को दरले तथा आ. व. २०७७।७८ मा छनौटमा परेका २५० परिवारमध्ये सम्झौता गरेका २४३ परिवारलाई यस आ. व. मा पहिलो किस्ता वापतको प्रति परिवार रु.३००००।०० को दरले भुक्तानी गरेको देखियो । यसरी कार्यविधिले दोहोरो अनुदान उपलब्ध नगराउने स्पष्ट व्यवस्था गरेको अवस्थामा पालिकाले २०७१ सालको वाढीवाट घर क्षति भएको आधारमा अनुदान प्राप्त गरिरहेका लाभग्राही र पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामूली ल्याउने गरी सुरक्षित आवास निर्माण कार्य अन्तर्गत अनुदान पाउने लाभग्राही दोहोरिनसक्नेतर्फ पालिकाले ध्यान दिएको देखिएन । यसतर्फ विशेष ध्यानदिई कार्यविधिमा भएको व्यवस्था दोहोरो नपर्ने गरी अभिलेख व्यवस्थापन गर्नुपर्ने देखिन्छ। | |
| ६२ | | | **दोहोरो भुक्तानी :**<br><br>सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७६ को बुँदा नं २१ मा नेपाल सरकारवाट विभिन्न कार्यक्रमवाट आवास निर्माण कार्यमा अनुदान प्राप्त गर्ने घरपरिवारलाई यस कार्यक्रमवाट अनुदान नदिइने उल्लेख छ । पालिकाले यस वर्ष तराई मधेश समृद्वि कार्यक्रम अन्तर्गत सामूहिक आवास निर्माण कार्य अन्तर्गत सकुम्वासी मुक्तकमैया र गरिवहरुको लागि आवास निर्माण कार्यको लागि पालिकाको वडा नं ३ का १० परिवारलाई घर निर्माण कार्यको लागि प्रति परिवार रु.४०००००।०० अनुदान उपलब्ध गराई घर निर्माण कार्य सम्पन्न भएको पाइयो । यस कार्यक्रमवाट लाभान्वित घरधनी सिताराम लोध (ना प्र प नं ६५३००१-१०३७) ले सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामूली ल्याउने कार्यक्रम अन्तर्गत समेत रु.५००००।०० अनुदान प्राप्त गरेको देखियो । यसरी कार्यविधिमा भएको व्यवस्था विपरित दोहोरो अनुदान वितरण भएको रकम संवन्धित लाभग्राही वडा नं ३ का सिताराम लोधवाट (ना प्र प नं ६५३००१-१०३७) असूल हुनुपर्ने रु. | ५०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **विद्यालय भवन निर्माणः**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत दुई कोठे।चार कोठे विद्यालय भवन निर्माण कार्यको लागि प्रथम किस्तामा ५० प्रतिशत पेश्की स्वरुप, दोस्रो किस्तामा कार्य प्रगतिका आधारमा ३० प्रतिशत र वाँकी २० प्रतिशत कार्य सम्पन्न भए पश्चात उपलब्ध गराउने उल्लेख छ । पालिकाभित्रका ४ वटा विद्यालयलाई भवन निर्माण कार्यको लागि नगरपालिकाले अनुदान उपलब्ध गराएको पाइयो । सम्झौता अनुसार ४ वटा विद्यालयलाई गो भौ नं २२।२०७९।२।२५ वाट ५० प्रतिशत रकम पेश्की स्वरुप भुक्तानी भएको देखियो भने वाँकी रकम सम्झौता अनुसार कार्य प्रगतिका आधारमा भुक्तानी हुनुपर्नेमा शिक्षा तथा मानव श्रोत विकास केन्द्रको २०७९।३।१७ को पत्रमा आगामी वर्षमा बजेट व्यवस्था नहुने भएकोले सम्बन्धित विद्यालयको खातामा रकम पठाई निर्माण सम्पन्न नभई वाँकी रकम रोक्का राखी कार्य प्रगतिका आधारमा भुक्तानी दिने व्यहोरा उल्लेख भए अनुसार पालिकाले गो भौ नं ३२।२०७९।३।२४ वाट विद्यालयको खातामा वाँकी रकम पठाएको भएता पनि रकम रोक्का राख्ने सम्बन्धमा कुनै प्रकृया अगाडी वढाएको देखिएन । यसरी निर्माण कार्य वाँकी रहेका निम्नानुसारका ४ विद्यालय भवन निर्माण कार्यको अन्तिम विल भरपाई तथा कार्य स्वीकार प्रतिवेदन पेश हुनुपर्ने रु. | १२,६००,००० |

| विद्यालयको नाम | प्रथम किस्ता | दोस्रो किस्ता | जम्मा |
|---|---|---|---|
| श्री ध्रुव मा वि तुल्सीपुर | १८०००००।०० | १८०००००।०० | ३६०००००।०० |
| श्री कोटही मा वि तुलापुर | १८०००००।०० | १८०००००।०० | ३६०००००।०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>श्री नेपाल राष्ट्रिय मा वि सुहलेवा</td><td>१८००००००|००</td><td>१८००००००|००</td><td>३६००००००|००</td></tr>
<tr><td>श्री सृजना आधारभूत विद्यालय जोशीपुर</td><td>९०००००|००</td><td>९०००००|००</td><td>१८०००००|००</td></tr>
<tr><td>जम्मा</td><td>६३०००००|००</td><td>६३०००००|००</td><td>१२६०००००|००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>
आई सि टि ल्याव स्थापनाः<br><br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७ मा प्रत्येक सरकारी कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल, भरपाई तथा अन्य कागजात शिलशिलावद्व रुपमा राख्नुपर्ने व्यवस्था छ । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत आई सि टी ल्याव स्थापना कार्यको लागि छनौटमा परेका विद्यालयलाई उपलब्ध हुने प्रति विद्यालय रु.६५०००००|०० रकम मध्ये प्रथम किस्ता वापत ७० प्रतिशत रकम उपलब्ध हुने र वाँकी ३० प्रतिशत रकम शिक्षा तथा मानव श्रोत विकास केन्द्रले दिएको स्पेसिफिकेशन अनुसारको ल्याव सामग्री खरिदको विलभरपाई तथा विद्यालयमा जिन्सी दाखिला भएको प्रतिवेदन पेश भए पश्चात उपलब्ध गराउने गरी ४ वटा विद्यालयसँग सम्झौता भएको पाइयो । तर पालिकाले सम्झौता अनुसार रकम भुक्तानी नगरी निम्नानुसारका ४ वटा विद्यालयलाई सामग्री खरिद कार्यका विल भरपाई तथा अन्य स्रेस्ता वेगर नै भुक्तानी दिएकोले सक्कल विलभरपाई तथा जिन्सी दाखिला प्रतिवेदन पेश हुनुपर्ने रु.
<table>
<tr><td>विद्यालयको नाम</td><td>वापत</td><td>भुक्तानी रकम</td></tr>
</table>
</td><td>३,२५०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>श्री ध्रुव माध्यमिक विद्यालय</td><td>आई सि टी ल्याव स्थापना</td><td>६५००००</td></tr>
<tr><td>श्री गौरीशंकर माध्यमिक विद्यालय</td><td>आई सि टी ल्याव स्थापना</td><td>६५००००</td></tr>
<tr><td>श्री हिमालय आधारभूत विद्यालय</td><td>आई सि टी ल्याव स्थापना</td><td>६५००००</td></tr>
<tr><td>श्री शान्ति आधारभूत विद्यालय</td><td>आई सि टी ल्याव स्थापना</td><td>६५००००</td></tr>
<tr><td>श्री महाकवि देवकोटा माध्यमिक विद्यालय</td><td>प्रयोगशाला स्थापना</td><td>६५००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३२५००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>तलबी प्रतिवेदनः<br><br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरूको बार्षिक तलबी प्रतिवेदन र निजामती कर्मचारीको तलवी प्रतिवेदन निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथा लेखा नियन्त्रकको कार्यालय बाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष पालिकाका सवै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी तलवमा खर्च गरेको छ । यसरी तलबि प्रतिवेदन पारित नगराई खर्च गर्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा यकिन गर्न सकिएन । ऐनको व्यवस्था वमोजिम तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>कर्मचारी करार :</td><td>२,५८२,५८०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष करार सेवा शुल्कमा रु.१९६१३०००।०० खर्च लेखेकोमा माथि उल्लेखित पद वाहेकका विभिन्न पदमा ७ जना करार कर्मचारी नियुक्त गरी वर्षभरीमा रु.२५८२५८०।०० भुक्तानी गरेको अनियमित देखिएको रु | |
| ६७ | | | **कर्मचारी प्रोत्साहन भत्ताः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन¸ २०७४ को दफा ८६ (१) मा स्थानीय सेवाको गठन सञ्चालन व्यवस्थापन कर्मचारी नियुक्ती, सेवा र शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन वमोजिम हुने उल्लेख रहेको छ भने ८६(२) मा उपदफा १ को अधिनमा रहि स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको सर्त तथा सुविधा सम्वन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन अनुसार हुने रहेको छ । पालिकाले गुलरिया नगरपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन सुविधा उपलब्ध गराउने कार्यविधि स्वीकृत गरी यो वर्ष कर्मचारी प्रोत्साहन तथा पुरस्कार शिर्षकमा रु.३८६२००० खर्च गरेको देखियो । स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्वन्धी अन्य व्यवस्था संघीय कानुनको आधारभूत सिद्वान्त र मापदण्डको अधिनमा रही स्थानीय तहले बनाएको कानुन वमोजिम हुने व्यवस्था भए तापनि यस सम्वन्धी संघीय कानुन नवनेको अवस्थामा समेत पालिकाले प्रोत्साहन भत्ता सम्वन्धी कार्यविधि जारी गरी तहगत रुपमा प्रोत्साहन भत्ता तोकी प्रोत्साहन भत्ता वापत रु.३८६२००० खर्च लेखेको नियमसम्मत देखिएन । कर्मचारी नियुक्ती, सेवा र सर्त तथा सुविधा सम्बन्धी कार्य गर्दा कानुनमा भएको व्यवस्था अनुसार गरिनुपर्दछ । | |
| ६८ | | | **चारा मेसिन वितरणः**<br><br>वडा नं १ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको कृषकहरुलाई चारा मेसिन हाते चाप कटर अनुदानमा वितरण गर्ने कार्यक्रम अन्तर्गत वडा कार्यलयले सूचना प्रकाशन गर्दा तथा कृषकहरुलाई मेसिन वितरणको भरपाईमा समेत ५० प्रतिशत अनुदानमा वितरण | २४८,०८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेको भनी भरपाई संलग्न गरेको छ । साथै वडा कार्यालयका वडा सचिवसँगको सोधपुछवाट समेत कृषकहरुवाट ५० प्रतिशतले हुने रकम उठाएको भन्ने जवाफ प्राप्त भएको अवस्थामा कार्यालयले ४१ घर परिवारलाई वितरण गर्न खरिद गरेको मेसिनको गो भौ नं ३६०।२०७८।१०।२६ वाट प्रति मेसिन रु.१२१००।०० को दरले कुल रु.४९६१००।०० बर्दिया ट्रेड एण्ड सप्लायर्सलाई भुक्तानी गरेको देखियो । यसरी ५० प्रतिशत अनुदानमा वितरण भएको मेसिन वापत नगरपालिकाले ५० प्रतिशतले हुने रकम रु.२४८०८०।०० मात्र भुक्तानी दिनुपर्नेमा पुरै रकम भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी भएको रकम सम्वन्धितवाट असूल हुनुपर्ने रु | |
| ६९ | | | **पुर्वनिर्धारित क्षतिपूर्तीः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा सम्झौताको शर्त वमोजिम आपूर्तकले सम्झौता अवधीमा सम्झौता अनुसारको सामान आपूर्ती नगरेमा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले सम्झौता रकमको अधिकतम १० प्रतिशतमा नवढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ती असूल गर्नुपर्ने उल्लेख छ । वडा नं ८ को ग्यास वितरण कार्यक्रम अन्तर्गत ५६१ थान एल पि जि ग्यास सेट खरिद कार्यको मिति २०७८।४।१२ मा सम्झौता भई मिति २०७८।६।३० सम्ममा सामान आपूर्ती गर्नेगरी ठेक्का रकम मू अ कर सहित रु३४१०५४३।४० मा आपूर्तक वन्धु ट्रेडर्ससँग ठेक्का सम्झौता भएको पाइयो । तर आपूर्तकले सम्झौता अनुसारको अवधिमा सामान आपूर्ती नगरी २०७८।१०।२१ अर्थात आपूर्ती गर्नुपर्ने समयभन्दा ११० दिन ढिला गरी सामान आपूर्ती गरेको देखियो । यसरी ढिलो गरी सामान आपूर्ती भएको देखिएकोले खरिद नियमावली तथा सम्झौताको शर्त बमोजिम सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतले हुने रकम रु.१६६०००।०० सम्वन्धित आपूर्तकवाट असूल हुनुपर्ने रु | १६६,००० |
| ७० | | | **नर्म्सभन्दा वढी भुक्तानीः**<br><br>अर्थ मन्त्रालयद्वारा जारी कार्यसंचालन निर्देशिका, २०७७ मा सार्वजनिक निकायद्धारा संचालन गरिने तालिम, सेमिनार, गोष्ठी कार्यशाला एवं वैठक भत्ता संवन्धी व्यवस्था गरिएको छ । पालिलकाले खर्च गर्दा सोही निर्देशिका वमोजिम संवन्धित कार्यालयले संचालन गरेको तालिम भएको अवस्थामा सोही कार्यालयको श्रोत व्यक्तिले कक्षा लिएको खण्डमा केवल कार्यपत्र वापत मात्र अधिकृतस्तर तालिमको हकमा प्रतिकार्यपत्र रु.१०००।०० तथा सहायकस्तरको तालिमको हकमा प्रतिकार्यपत्र रु८००।०० को दरले खर्च गर्नुपर्नेमा तालिम कार्यक्रममा पेश्की लिई कार्यक्रम संचालनको पेश्की फर्छौट तथा तालिम कार्यक्रमको सोधभर्ना भुक्तानीमा निम्नानुसारका तालिम कार्यक्रममा | ५७,१२० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निर्देशिकाले तोकेकोभन्दा वढी दरमा कार्यपत्रको रकम भुक्तानी दिएको देखियो । यसरी निर्देशिकामा भएको व्यवस्था विपरित वढी दरमा भुक्तानी भएको रकम निम्नानुसारको रु 57120 सम्वन्धित कर्मचारीवाट असूल हुनुपर्ने देखिएको रु | |

| गौ भौ नं मिति | संचालित तालिम र मिति | पेश्की फर्छौट।सोधभर्ना लिनेको नाम | भुक्तानी पाउनेको नाम | कार्यपत्र संख्या | भुक्तानी भएको रकम | भुक्तानी हुनुपर्ने रकम | करकट्टी पछिको वढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ४१९।२०७८।११।२२ | महिला सशक्तिकरण कार्यक्रम २०७८ फागुन ५,६ र ७,८ | अनु भण्डारी | मुकुन्द अर्याल | ४ | ६००० | ३२०० | २३८० |
| | | | सुनिल पाण्डे | २ | ३००० | १६०० | ११९० |
| | | | सुनिता शर्मा | २ | ३००० | १६०० | ११९० |
| ७१२।२०७९।१।१२ | सरुवा रोग तथा नसर्ने रोग नियन्त्रण सम्वन्धी अभिमुखीकरण २०७८।११।२६ देखि २० सम्म | आशा परियार | आशा परियार | ६ | ९००० | ४८०० | ३५७० |
| | | | ज्योती पन्थी | ४ | ६००० | ३२०० | २३८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ७८३।२०७९।२।२३ | आई पि एम अनुसरण तालिम तथा तरकारी विउ वितरण २०७८।११।२२ देखि २६ सम्म | विनोद भुसाल | महादेव शाह | १८ | २७००० | १४४०० | १०७१० | |
| | | | | | | निशा चौधरी | ७ | १०५०० | ५६०० | ४१६५ | |
| | | | | | | भक्ति प्रसाद रेग्मी | १६ | २४००० | १२८०० | ९५२० | |
| | | | | | | गंगा परियार | २ | ३००० | १६०० | ११९० | |
| | | | | | | हरिहर यादव | २ | ३००० | १६०० | ११९० | |
| | | | ८२१।२०७९।३।२ | प्रजनन स्वास्थ्य तथा सरुवा रोग नियन्त्रणका लागि अभिमुखीकरण कार्यक्रम २०७८।१२।३० देखि १।४ सम्म | आशा परियार | पदमा वली | ५ | ७५०० | ४००० | २९७५ | |
| | | | | | | आशा परियार | ५ | ७५०० | ४००० | २९७५ | |
| | | | | | | गंगा नखवाघ | ५ | ७५०० | ४००० | २९७५ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="3">९९१।२०७९।३।२२</td><td rowspan="3">कोभिड सचेतना कार्यक्रम</td><td rowspan="3">कमल भट्टराई</td><td>कमल भट्टराई</td><td>५</td><td>७५००</td><td>४०००</td><td>२९७५</td></tr>
<tr><td>वविता सिंजाली</td><td>३</td><td>४५००</td><td>२४००</td><td>१७८५</td></tr>
<tr><td>राज थारु</td><td>२</td><td>३०००</td><td>१६००</td><td>११९०</td></tr>
<tr><td rowspan="2">९९५,९९६।२०७९।३।२३</td><td rowspan="2">दलित मधेशी मुस्लिम तथा अन्य महिलाहरुको क्षमता विकासको लागि अभिमुखीकरण कार्यक्रम २०७९।३।११ देखि १४ सम्म</td><td rowspan="2">वातावरण संरक्षण साइक्लिङ्ग समूह</td><td>सुनिल पाण्डे</td><td>४</td><td>६०००</td><td>३२००</td><td>२३८०</td></tr>
<tr><td>प्रकास देवकोटा</td><td>४</td><td>६०००</td><td>३२००</td><td>२३८०</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>५७१२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>कर विजकः<br><br>मूल्य अभिवृद्वि कर नियमावली २०५३ को नियम १७ मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ती गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई तोकिए वमोजिमको कर विजक दिनु पर्नेछ भन्ने उल्लेख छ । पालिकाले रुसुफ मल्टी</td><td>१५९,४५९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पर्पोज प्रा ली सँग यस आर्थिक वर्षमा विभिन्न सामग्री खरिद गर्दा सो फर्मले जारी गरेको कर विजकमा उल्लेख भएको मू अ कर दर्ता नं (६०५९६७५०९) र सो फर्म आन्तरिक कार्यलयमा दर्ता हुँदाका वखत आन्तरिक कार्यलयले जारी गरेको प्रमाणपत्रमा उल्लेख मू अ कर दर्ता नं (६०५९६७५५९) फरक फरक रहेको कारणवाट निज फर्मलाई भुक्तानी भएको मूल्य अभिवृद्व कर समायोजन हुन्छ भनी आश्वस्त हुन नसकिने हुँदा निजलाई निम्नानुसारको कारोवारवाट भुक्तानी भएको मूल्य अभिवृद्वि कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा सो रकम असूल हुनुपर्ने रु | |

| गो भौ नं मिति | फर्मको नाम | पान नं | विजक जारी मिति | विजक रकम | मू अ कर रकम |
|---|---|---|---|---|---|
| १०५९।२०७९।३।२५ | रुसुफ मल्टी पर्पोज | ६०५९६७५५९ | ५।२०७८।१०।१२ | २६४६०० | ३४३९८ |
| ७८९।२०७९।२।२४ | रुसुफ मल्टी पर्पोज | ६०५९६७५५९ | १३।२०७८।११।५ | २६१००० | ३३९३० |
| ७९०।२०७९।२।२४ | रुसुफ मल्टी पर्पोज | ६०५९६७५५९ | १२।२०७८।११।५ | ३४८००० | ४५२४० |
| ९८४।२०७९।३।२२ | रुसुफ मल्टी पर्पोज | ६०५९६७५५९ | १७।२०७८।१२।१० | ३५३०१० | ४५८९१ |
| जम्मा | | | | | १५९४५९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७२ | | | **विषयगत समिति संयोजकलाई थप सुविधाः**<br><br>लुम्विनी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७६ मा कार्यपालिका सदस्य कुनै विषयगत समितिको संयोजक भएमा वडा अध्यक्ष सरह सुविधा पाउने व्यवस्था छ । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १४ मा कार्यपालिकाले आफ्नो काम कारबाही व्यवस्थित गर्न आवश्यकता अनुसार कुनै सदस्यको संयोजकत्वमा समिति वा उपसमिति गठन गर्न सक्ने र त्यसको कार्यक्षेत्र र कार्यविधि समिति, उपसमिति गठन गर्दाको बखत तोके बमोजिम हुनेछ भन्ने उल्लेख छ । पालिकाले कार्यालयको कार्यसम्पादन नियमावली तयार गरी २०७५ जेठ ५ गते स्थानीय राजपत्रमा प्रकाशन गरेको पाइयो जसमा कार्यपालिकामा निर्णयका लागि पेश भएका प्रस्तावमा निर्णय गर्नुपुर्व आवश्यकता अनुसार राय सल्लाह सुझाव लिनका लागि विभिन्न ६ वटा विषयगत समिति तोकिएको छ भने प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले समितिको बैठकमा उपस्थित भई निर्णयको अभिलेख तयार गरी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । सोही कार्यसम्पादन नियमावलीमा भएको व्यवस्था बमोजिम कार्यपालिकाले यस आ. व. मा ६ जना कार्यपालिका सदस्यलाई विभिन्न विषयगत समितिको संयोजक तोकी थप सुविधावापत रु.१० लाख ८ हजार बढी खर्च लेखेको पाइयो । तर तोकिएका विषयगत समितिहरुले कार्यविधिले तोके बमोजिम कार्यपालिकालाई कुनै पनि राय सल्लाह तथा सुझाव दिएको पाइएन भने यस आर्थिक वर्षमा कुनै पनि विषयगत समितिको काम कारवाहीको लागि वैठक वसी निर्णय गरेको माइन्युट समेत देखिएन । यसरी ऐनले सुविधा पाउने व्यवस्था गरेता पनि सुविधा प्रयोजनको लागि नाम मात्रका विषयगत समिति तोक्ने कार्यलाई निरुत्साहित गरी तोकिएका विषयगत समितिहरुको काम कारवाहीलाई चुस्त दुरुस्त वनाउनपर्ने देखियो । | |
| ७३ | | | **साइकल खरिदः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ तथा सम्झौताको शर्त वमोजिम आपूर्तकले सम्झौता अवधीमा सम्झौता अनुसारको सामान आपूर्ती नगरेमा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले सम्झौता रकमको अधिकतम १० प्रतिशतमा नवढ्ने गरी पूर्वनिर्धारित क्षतिपूर्ती असूल गर्नुपर्ने उल्लेख छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नगरपालिकाले एस ई ई उतीर्ण छात्राहरुलाई साइकल वितरण कार्यक्रम अन्तर्गत पालिकाभित्रका एस ई ई उतीर्ण छात्राहरुलाई साइकल वितरण गर्न वघिमान ट्रेडिङ्ग एण्ड सप्लायर्ससँग ३२० थान साइकल मू. अ. कर समेत रु.२२१८१९०।०० मा आपूर्ती गर्नेगरी मिति २०७८।८।२६ मा ठेक्का सम्झौता गरेको पाइयो । तर भुक्तानीको श्रेस्ता परीक्षण गर्दा साइकलको रिफ्लेक्टर र लक आपूर्ती नभएको अवस्थामा समेत एक फर्मवाट सो सामानको मूल्य लिई सोही फर्मले दिएको दररेट अनुसारको रकम रु.१६१५७।०० घटाई गो भौ नं ६७३।२०७९।१।८ वाट रु.२२०२०३३।०० भुक्तानी भएको पाइयो । यसरी आपूर्तकले स्पेशिफिकेशन अनुसारको सामान आपूर्ती नगरेको अवस्थामा खरिद ऐन, नियममा भएको व्यवस्था वमोजिमको प्रकृया अवलम्वन नगरी तथा खरिद सम्झौतामा आपूर्ती नभएको सामानको मूल्य नखुल्ने अवस्थामा समेत भुक्तानी दिएको देखिन्छ। | |
| ७४ | | | **वढी भुक्तानीः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७ मा प्रत्येक सरकारी कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल, भरपाई तथा अन्य कागजात शिलशिलावद्व रुपमा राख्नुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ । वडा नं १ को कृषकहरुलाई १०० प्रतिशत अनुदानमा स्प्रे ट्यांकी वितरण कार्यक्रम अन्तर्गत मू अ कर वाहेक प्रतिगोटा रु.१९५० को दरले २५६ वटा ट्यांकी खरिद वापत वर्दिया ट्रेड एण्ड सप्लायर्सलाई गो भौ नं ८६५।२०७९।३।१३ वाट रु.४९९२००।०० भुक्तानी दिएको देखियो । श्रेस्तासाथ संलग्न वितरणको भरपाईमा २३३ लाभग्राहीले मात्र स्प्रे ट्यांकी वुझेको देखिएकोले भरपाईभन्दा वढी खर्च लेखेको २३ वटा ट्यांकीको प्रति ट्यांकी रु.१९५० को दरले मू अ कर समेतले हुने रु. ५०६८०।०० सम्वन्धितवाट असूल हुनुपर्ने रु | ५०,६८० |
| ७५ | | | **वढी भुक्तानीः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ । पालिकाको वडा नं १२ को ५० प्रतिशत अनुदानमा वायो स्याण्ड फिल्टर वितरण कार्यक्रम अन्तर्गत स्याण्ड फिल्टर खरिदको लागि कोटेशन माग भएकोमा वायो स्याण्ड फिल्टर निर्माण | २२,८७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उद्योगले पेश गरेको ५० थान फिल्टर प्रतिगोटा रु.४५०० को दरले उपलब्ध गराउने कोटेशन स्वीकृत भई सोही फर्मसँग खरिद सम्झौता भएको पाइयो । सो को खरिद कार्यको गो भौ नं ५५२।२०७८।१२।१८ वाट उक्त फर्मलाई रु.१५००००। भुक्तानी भएकोमा प्रतिगोटा रु.५३११। को दरले विजक जारी गरी सोही बमोजिम भुक्तानी भएको पाइयो । यसरी पेश गरेको कोटेशनको दररेटभन्दा प्रतिगोटा रु.८११ ले ५० थान फिल्टरको मू अ कर समेतले हुन आउने रकम रु.४५७५०। को ५० प्रतिशतले हुने रु.२२८७५। सम्वन्धित फर्मवाट असूल हुनुपर्ने रु | |
| ७६ | | | **प्रशिक्षकमा दोहोरोपनाः**<br><br>अर्थ मन्त्रालयद्वारा जारी कार्यसंचालन निर्देशिका, २०७७ मा सार्वजनिक निकायद्धारा संचालन गरिने तालिम, सेमिनार, गोष्ठी कार्यशाला लगायतमा गरिने खर्चको मापदण्ड सम्बन्धी व्यवस्था गरिएको छ । जसमा लामो अवधिको तालिमको हकमा मुख्य प्रशिक्षक र सहायक प्रशिक्षकलाई तोकिएको तलवमा मासिक रुपमा करार गर्न सकिने उल्लेख छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ । पालिकाले वडा कार्यालय अन्तर्गतका तालिम संचालन कार्यक्रममा तालिम संचालनको जिम्मा विभिन्न संस्थालाई दिएको पाइयो । निम्नानुसार संचालित दुई वटा तालिम कार्यक्रमको मुख्य प्रशिक्षक सरस्वती चौधरी (ना प्र प नं ६०४) एकै अवधि र समय अर्थात मिति २०७८।१२।७ देखि २०७९।१।१५ को अवधिमा विहान १० वजे देखि वेलुका ४ वजेसम्म संचालित तालिम कार्यक्रममा मुख्य प्रशिक्षकको रुपमा रहेको देखियो । विभिन्न संस्थालाई तालिमको जिम्मा दिएको अवस्थामा एकै अवधिमा सोही व्यक्ति मुख्य प्रशिक्षक रहेको देखिएकोले तालिम संचालन वापत भएको भुक्तानीको सम्वन्धमा आश्वस्त हुन नसकिएको रु | ७८३,२९४ |

| गो भौ नं मिति | तालिम संचालन गर्ने संस्था | संचालित तालिम | तालिम संचालन अवधि | मुख्य प्रशिक्षकको नाम | कुल खर्च रकम |
|---|---|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७७६।२०७९।२।२०</td><td>आत्मनिर्भर तालिम केन्द्र</td><td>सिलाई कटाई तालिम वडा नं १०</td><td>२०७८।१०।९ देखि २०७९।१।१५ सम्म विहान १० देखि वेलुका ४ वजेसम्म</td><td>सरस्वती चौधरी</td><td>४९९३२४</td></tr>
<tr><td>८८५।२०७९।३।२०</td><td>संगम महिला विकास कृषि सहकारी संस्था</td><td>महिलाहरुको लागि सिलाई कटाई तालिम वडा नं ४</td><td>२०७८।१२।७। देखि २०७९।३।७ विहान १० देखि वेलुका ४ वजेसम्म</td><td>सरस्वती चौधरी</td><td>२८३९७०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>७८३२९४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७७</td><td></td><td></td><td>दोहोरो भुक्तानीः<br><br>मुख्य प्रशिक्षक सरस्वती चौधरीलाई मासिक रु.१८००० को दरले मिति २०७८।१२।७ देखि २०७९।१।१५ सम्म दुईवटा तालिम कार्यक्रमवाट दोहोरो भुक्तानी भएको रु.२३४००। को कर कट्टी पछिको हुने रु.१९८९० निजवाट असूल हुनुपर्ने रु</td><td>१९,८९०</td></tr>
<tr><td>७८</td><td></td><td></td><td>वितरणमूखी कार्यक्रमः</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, स्थानीय वासिन्दाहरुको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने, कम लागतमा सम्पन्न गर्न सकिने, स्थानीय श्रोत साधन तथा सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका, पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने, दिगो विकास, वातावरण संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने विषयलाई प्राथमिकता दिई योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ । तर पालिकाले विभिन्न खेलकुद प्रतियोगिता, विभिन्न वडाहरुमा वडा स्तरीय खेलकुद प्रतियोगिता, कम्वल वितरण, ग्यास चुलो तथा सिलिन्डर वितरण, झुल वितरण जस्ता वितरणमूखी कार्यक्रमहरु संचालन गरी खर्च गरेको देखियो । यसरी ऐनले तोकेका शर्तभन्दा बाहिर योजना बनाई खर्च लेखेको हुँदा आगामी दिनमा ऐनका शर्त बमोजिम योजना बनाई आन्तरिक आयलाई समेत ध्यान दिदै कार्यान्वयन गर्ने तर्फ पालिकाको ध्यान दिनुपर्ने देखिन्छ । यस सम्वन्धी केही उदाहरण यस प्रकार छन् ।
<table>
<tr><th>सि नं</th><th>गो भौ नं मिति</th><th>कार्यक्रमको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>1.</td><td>१७६।२०७८।८।१३</td><td>लोटा र धोती वितरण वडा नं ८</td><td>३४९३५०</td></tr>
<tr><td>2.</td><td>१८०।२०७८।८।१३</td><td>करुवा वितरण</td><td>९९३८८०</td></tr>
<tr><td>3.</td><td>१८१।२०७८।८।१३</td><td>लोटा र धोती वितरण वडा नं २</td><td>४४८७१४</td></tr>
<tr><td>4.</td><td>२११।२०७८।८।२१</td><td>फिल्टर वितरण वडा नं २</td><td>३८४०२४</td></tr>
<tr><td>5.</td><td>३७३।२०७८।१०।२८</td><td>कम्वल वितरण वडा नं २</td><td>२९८९९८</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>6.</td><td>४११|२०७८|११|१८</td><td>ग्यास चुलो तथा सिलिण्डर वितरण वडा नं ८</td><td>३४१०५४३</td></tr>
<tr><td>7.</td><td>४६९|२०७८|११|२८</td><td>कपडा वितरण वडा नं ६</td><td>२४५६४६</td></tr>
<tr><td>8.</td><td>५०६|२०७८|१२|१३</td><td>धारा वितरण वडा नं १</td><td>३९८५३०</td></tr>
<tr><td>9.</td><td>६०७|२०७८|१२|२३</td><td>धारा वितरण वडा नं ४</td><td>४९५९३०</td></tr>
<tr><td>10.</td><td>६१९|२०७८|१२|२५</td><td>करुवा वितरण वडा नं १०</td><td>४६३८००</td></tr>
<tr><td>11.</td><td>६५९|२०७९|१|८</td><td>धारा वितरण वडा नं १२</td><td>२४७७४५</td></tr>
<tr><td>12.</td><td>६७४|२०७९|१|८</td><td>साइकल वितरण</td><td>२२०२०३३</td></tr>
<tr><td>13.</td><td>७२४|२०७९|१|१९</td><td>ग्यास चुलो वितरण</td><td>४९९५८७</td></tr>
<tr><td>14.</td><td>७३५|२०७९|१|२१</td><td>झुल वितरण</td><td>४९९६९५</td></tr>
<tr><td>15.</td><td>७६९|२०७९|२|१९</td><td>धारा वितरण वडा नं ७</td><td>१९९७४८</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>16.</td><td>८४६।२०७९।३।९</td><td>धारा वितरण वडा नं ६</td><td>२९५५५०</td></tr>
<tr><td>17.</td><td>८८१।२०७९।३।१४</td><td>झुल वितरण</td><td>१४९२८२३</td></tr>
<tr><td>18.</td><td>१०६१।२०७९।३।२५</td><td>झुल वितरण</td><td>३९९६७०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१३३२६२६६</td></tr>
</table></td><td></td></tr>
<tr><td>७९</td><td></td><td></td><td>गैर सरकारी संस्था बाट कार्य :<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ मा भएको ब्यबस्था बमोजिम जनचेतना सम्वन्धी तालिम,अभिमुखिकरण सबलीकरण मुल प्रवाहिकरण जस्ता कार्य गैर सरकारी संस्था बाट गराउन सक्ने ब्यबस्था छ । पालिकाले यस वर्ष वागेश्वरी असल शासन क्लब (बास) लाई नागरीक सहायता कक्ष (Help Desk) संचालन का लागी रु.२००००० भुक्तानी दीएको छ । उक्त संस्थाले सम्झौता अनुसार कार्य प्रगती पेश गरेको नदेखिएको साथै पालिकाले सो को प्रगती मूल्यांकन गरेको पाईएन ।तसर्थ यस्तो कार्यमा पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td>कृषि चालु :</td><td></td></tr>
<tr><td>८०.१</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १९ मा विनियोजित बजेट खर्चको मापदण्ड बमोजिम हुनुपर्ने व्यवस्था रहेको। प्रत्येक निकायले अर्थ मन्त्रालयले तर्जुमा गरेको मापदण्डको प्रतिकुल नहुने गरी सो मन्त्रालयको सहमतिमा छुट्टै खर्चको मापदण्ड बनाउन सकिने व्यवस्था भएकोमा प्रचलित नर्म्स विपरित भुक्तानी भएको रकम असुल हुनुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन:</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८०.२ | | | **बढी भुक्तानी** : अर्थ मन्त्रालयको कार्यासंचालन निर्देशिका, २०७७ बमोजिम सम्बन्धित कार्यालयले सन्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत ब्यक्ति।प्रशिक्षक भएको अबस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाउने तर कार्यपत्र बापतको रकम रु ८०० पाउने ब्यबस्था भएकोमा महिला शाखा प्रमुख शिला शाह ले तपसिल बमोजिमको कार्यक्रम संचालन गरेकोमा प्रशिक्षक।कार्यपत्र वापतको बढी भुक्तानी भएको रकम असुल उपर गर्नुपर्ने रु. | १६,०६५ |

| गो भौ न र मिति | कार्यक्रम | प्रशिक्षण भत्ता ।कार्यपत्र वापत दिएको | पाउनुपर्ने प्रशिक्षण भत्ता।कार्यपत्र | लिएको कक्षा | पाउनुपर्ने | बढी भुक्तानि भएको कर बाहेक |
|---|---|---|---|---|---|---|
| ८।०७८।८।५ | पे.फ. शिला शाह वडा स्तरीय बाल अधिकार समिति गठन | १५००(१२सेसन) | ८००(१ सेसन) | १२ | ९६०० | ७१४० |
| १९।०७८।९।१४ | पे.फ शिला शाह महिला कानूनि अधिकार अभिमुखिकरण कार्यक्रम | १५००(२सेसन) | ८०० | २ | १६०० | ११९० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४३।०७९।१।६</td><td>पे.फ. शिला शाह समूह समिति सदस्यलाई अनुशिक्षण तालिन</td><td>१५००(१३सेसन)</td><td>८००</td><td>१३</td><td>१०४००</td><td>७७३५</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>१६०६५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८१</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम :<br><br>सबैका लागि रोजगारीको प्रत्याभूति मार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउनु कार्यक्रमको दिर्घकालीन सोच रहेको छ । यस कार्यक्रमबाट पालिकाभित्रका वडाहरुमा सडक, नाली, खानेपानी तथा ढल व्यवस्थापन, पर्यटन वन तथा सामुदायिक पूर्वाधार कार्यक्रम सञ्चालन गरी ८९ जनालाई दैनिक रू.७७७ का दरले भुक्तानी गरी यो वर्ष रू. ५१३५३०० (१ प्रतिशत कर कट्टी सहित) खर्च भएको छ । वर्षमा १०० दिन रोजगारी दिने कार्यक्रमको नीति अनुसार श्रम प्रदान कार्य गराई ज्याला भुक्तानी गरेको भएतापनि निर्माण कार्यको दिगोपना तथा दिर्घकालीन रोजगारी सिर्जना हुने अवस्था देखिदैन । गुणस्तरीय कार्य सम्पादन गर्दै दिर्घकालीन रोजगारीको सिर्जना हुन सकेमा कार्यक्रम प्रभावकारी हुने देखिन्छ । पालिकाबाट योजना छनौट गर्दा यसतर्फ ध्यान दिनु आवश्यक देखिन्छ ।</td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>सामाजिक सुसरक्षा तर्फ :</td><td></td></tr>
<tr><td>८२.१</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगतकट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ। यस बर्ष पालिकाले रु. १८५४३८३५८।०० सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८२.२ | | | **एम.आई.एस.प्रणालीः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम केन्द्रीकृत सुचना प्रणालीमा प्रविष्टी गरि अद्‌यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि समयमा मृत्य दर्ता प्रमाणपत्र एवं वसाईसराई गरेको विवरण पालिकामा नआउदा र वडा कार्यालयमा रहेका मूल लाभग्राही किताबमा फोटो सहितको विवरण अद्‌यावधिक नहूदाँ एक त्रैमासिकमा दोहोरो परेका, मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको विवरण एम आई एस सफ्टवेयर प्रणालीमा अद्‌यावधिक भएको छैन। केन्द्रीकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउन तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ। | |
| ८२.३ | | | **लाभग्राहीको विवरण प्रविष्टि गर्नेः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले चालु वर्षमा समाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अशक्त, असहाय वा नब्बे वर्ष माथिका जेष्ठ नारिकको हकमा नियमावलीको नियम ५ को उपनियम (२) बमोजिम संरक्षक वा माथवर व्यक्ति मार्फत वाहेकका नवीकरणको लागि लाभग्राही स्वयम् उपस्थित भई निवेदन गरेकोमा वडा समितिबाट नवीकरण भई आए पश्चात प्रणाली (MIS) मा प्रविष्टि गरी नवीकरण गर्नुपर्ने व्यवस्था छ। यसरी म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरी निजले पुनः लाभग्राहीमा सूचिकृत हुन चाहेमा ऐनको दफा १२ बमोजिम निवेदन दिई सेवा लिन सक्ने व्यवस्था गरेको छ। यसरी लाभग्राहीको नाम प्रणालीमा अद्‌यावधिक नगरी भत्ता वितरण भएमा उक्त रकम भुक्तानी खर्च लेख्ने अधिकारी र लेखा राख्ने कर्मचारीबाट दामासाहीले असुल उपर गरिने व्यवस्था सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ५ को उपदफा (३) मा उल्लेख गरेको छ। यस पालिकाले लाभग्राहीको नविकरणको लागि निवेदन वेगर एकमुष्ठ विगतको संख्या वरावर नै नविकरण गरेको छ। यसबाट बसाई सराई गरी गएका, मृत्यु भएकाहरुको लगत कट्टा नगरेकोले उल्लेखित कानुनको पालना भएको छैन। तसर्थ, वढि निकासा भए नभएको यकिन हुन सकेन । | |
| ८२.४ | | | **पारदर्शिता र जवाफदेहिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेको साथै सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस पालिकाले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन । | |
| ८२.५ | | | **सार्वजनिक सुनुवाईः** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सार्वजनिक सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ। | |
| ८२.६ | | | **निरीक्षण तथा अनुगमन** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको पाइएन । | |
| ८२.७ | | | **बढी भुक्तानी :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम केन्द्रीकृत सुचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था रहेकोमा निम्नानुसारका लाभग्राहीको मृत्यु भईसके पश्चात पनि लगत अद्यावधिक नगरी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको सम्बन्धमा यकिन गरी सम्बन्धितबाट असुल गर्नुपर्ने रू | ४८,३८९ |

| व्यक्तिगत प प नं | सेवाग्राहीको नम | मृत्य भएको मिति | बढी भुक्तानी रकम | किस्ता | वडा नं |
|---|---|---|---|---|---|
| | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>1984050800174</td><td>Chitra Kumari Upadyayani</td><td>9/18/2078</td><td>1596</td><td>2</td><td>4</td></tr>
<tr><td>1984050800174</td><td>Chitra Kumari Upadyayani</td><td>9/18/2078</td><td>12000</td><td>3</td><td>4</td></tr>
<tr><td>1984050800174</td><td>Chitra Kumari Upadyayani</td><td>9/18/2078</td><td>12000</td><td>4</td><td>4</td></tr>
<tr><td>1999123149476</td><td>Pujari Ahir</td><td>1/23/2079</td><td>8931</td><td>4</td><td>10</td></tr>
<tr><td>1993123072931</td><td>Bitti Chamarin</td><td>12/16/2078</td><td>1862</td><td>3</td><td>12</td></tr>
<tr><td>1993123072931</td><td>Bitti Chamarin</td><td>12/16/2078</td><td>12000</td><td>4</td><td>12</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>48389</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ८२.८ | | | **नागरिकता नम्बर दोहोरो परेको :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या दोहोरिएको यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था रहेकोमा पालिकाले नागरिकता नं अद्यावधिक नगरी एउटै नागरिकता नम्बर दुई जनाको नाममा रहेको देखिएकोले सो सम्बन्धमा यकिन गरी लाभग्राही समुदायको संख्या यकिन गर्नुपर्ने देखिन्छ। नागरिकता नम्बर एउटै परेको केहि उदाहरण निम्नानुसार रहेको छः | |

| वडा नं | व्यक्तिगत परिचय पत्र नं | लाभग्राही नाम | नागरिकता नम्बर | रकम |
|---|---|---|---|---|
| 1 | 2001041201357 | Bujhauna Tharu | 212 | 12000 |
| 1 | 2002110800566 | Ram Prasad Sunar | 212 | 12000 |
| 1 | 2020123021897 | Manbhurji Malla | 36841385 | 7980 |
| 1 | 2020110500531 | Devisara Devkota | 36841385 | 7980 |
| 2 | 2005123083963 | Bire Kami | 11 | 12000 |
| 2 | 2009053000302 | Ramrani Khairahani | 11 | 7980 |
| 3 | 2020123021973 | Kuwara Ahirni | 147 | 7980 |
| 3 | 2022123016083 | Sumit Godin | 147 | 7980 |
| 4 | 2018011001104 | Gita Devi Kami | 22 | 7980 |
| 4 | 2014123034315 | Tilkumari K.C | 22 | 7980 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | 5 | 2003070900545 | Durgadevi Zyawali | 1297 | 12000 | |
| | | | 5 | 2000101401063 | Gangadevi Bhandari | 1297 | 12000 | |
| | | | 6 | 2020123021939 | Bhawani Dhahal | 135 | 7980 | |
| | | | 6 | 2024123014993 | Sita Malla | 135 | 7980 | |
| | | | 7 | 2006123275302 | Bhart Babu Bhatt Chettri | 4552 | 12000 | |
| | | | 7 | 2035123004453 | Ramsurat Chamar | 4552 | 6384 | |
| | | | 8 | 2003123075642 | Mainkala Devi Gharti | 31027 | 12000 | |
| | | | 8 | 2003123075741 | Tuli Devi Shahi | 31027 | 12000 | |
| | | | 9 | 2047081000142 | Sadananda Kuchhawadhiya | 6510011088 | 11970 | |
| | | | 9 | 2048111800097 | Shila Kuchhawadhiya | 6510011088 | 11970 | |
| | | | 9 | 2072101800669 | Saraswoti Kuchhbadhiya | 123 | 11970 | |
| | | | 9 | 2073081501335 | Shiva Kuchwadhiya | 123 | 11970 | |
| | | | 10 | 2007102902676 | Magari Tharuni | 188 | 12000 | |
| | | | 10 | 2008023000434 | Phiriya Tharuni | 188 | 12000 | |

| | | | | |
|---|---|---|---|---|
| 11 | 1998123133765 | Chintadebi Kurmi | 12419 | 12000 |
| 11 | 2003123061246 | Rajrani Ahirni | 12419 | 12000 |
| 12 | 1998123235123 | Soniya Tharuni | 36105 | 12000 |
| 12 | 2007030100757 | Mewalal Lohar | 36105 | 12000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८३ | | | सम्परीक्षण :<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फस्यौंट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४)२)(घ( बमोजिम बेरुजू फस्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। पालिकाको गत विगत वर्षको बेरुजू रु.२९४४५३ (हजारमा) रहेकोमा यस वर्ष रू २०२०६ (हजारमा) सम्परीक्षण गराएको छ। बाँकी बेरुजू फस्यौंट गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ । | |

| सि.नं. | आ.व. | दफा | निकायको नाम | फर्छ्यौटको व्यहोरा | सम्परीक्षण भएको रकम रू. |
|---|---|---|---|---|---|
| 1 | ०७४।७५ | ४६ | प्रेस क्लव अफ नेपाल | पेस्की फस्यौंट गरेको । | ८५००० |
| २ | | | तारा शर्मा | पेस्की फस्यौंट गरेको । | ५०००० |
| ३ | | | डिसीराम विल्डर्स | पेस्की फस्यौंट गरेको । | ७३६००० |
| ४ | | | अमन कन्स्ट्रक्सन | पेस्की फस्यौंट गरेको । | ३४००००० |
| ५ | | | विजय कन्स्ट्रक्सन | पेस्की फस्यौंट गरेको । | ३४००००० |
| ६ | | | धना कुमारी थारु | पेस्की फस्यौंट गरेको । | १५०००० |
| ७ | | | यादव कन्स्ट्रक्सन | पेस्की फस्यौंट गरेको । | ६०२५००० |
| ८ | | | फोर्स कन्स्ट्रक्सन एण्ड एसोसियट | पेस्की फस्यौंट गरेको । | २९६०००० |
| ९ | | | पौडेल कन्स्ट्रक्सन | पेस्की फस्यौंट गरेको । | ३४००००० |
| | | | | **जम्मा** | **२०२०६०००** |